लेखापरीक्षण बुलेटिन

महालेखापरीक्षकको कार्यालयको प्रकाशन

वर्ष ३, अंक १५, २०७७ आषाढ (Year 3, Issue 15, Jun/Jul. 2020)

महालेखापरीक्षकको ५७ औँ वार्षिक प्रतिवेदन पेश



सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीसमक्ष महालेखापरीक्षकको ५७ औँ वार्षिक प्रतिवेदन पेश गर्नुहुँदै माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगाल

३१ आषाढ, २०७७

नेपालको संविधानको धारा २४१ अनुसार सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीसमक्ष माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालले आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४(१) बमोजिम महालेखापरीक्षकको ५७ औँ वार्षिक प्रतिवेदन, २०७७ पेश गर्नुभयो । सो अवसरमा सम्माननीय राष्ट्रपतिज्यूले करिब ५ हजार ६ सय कार्यालयको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन पेश गरेकोमा धन्यवाद व्यक्त गर्नुभयो । सम्माननीय राष्ट्रपतिज्यूले सार्वजनिक स्रोत साधनको दक्षतापूर्वक उपयोग गर्ने, चुहावटमा नियन्त्रण गर्ने, सार्वजनिक क्रियाकलाप र सरोकारका विषयमा सुशासन र पारदर्शिता अभिवृद्धि गर्ने, सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने, पूर्वाधार निर्माण तथा सेवा प्रवाहमा अपेक्षित नतिजा प्राप्त गर्ने लगायतका विषयमा महालेखापरीक्षकको प्रतिवेदनले महत्वपूर्ण योगदान पुऱ्याउने बताउनुभयो । साथै सम्माननीय राष्ट्रपतिज्यूले मुलुकमा संघीय प्रणालीको कार्यान्वयनलाई दिगो बनाउन करदाताले तिरेको राजस्वको उचित सदुपयोग गर्दै संघ,

क्रमशः पेज ३ मा

यसभित्र .....

क्र.सं.	विषय	पृष्ठ
१	महालेखापरीक्षकको ५७ औँ वार्षिक प्रतिवेदनमा समावेश भएका मुख्य व्यहोरा एवं तथ्यांकहरु	४
२	संघीय संसद प्रतिनिधि सभाका सभामुख र महालेखापरीक्षकबीच भेट	११
३	भुटानका महालेखापरीक्षकबाट सहभागितात्मक कार्यमूलक लेखापरीक्षणको अवलोकन भ्रमण	१२
४	लेखापरीक्षण सल्लाहकार समितिको बैठक सम्पन्न	१४
५	माननीय महालेखापरीक्षकज्यूको तीन वर्ष कार्यअवधि पुरा भएको सन्दर्भमा कार्यालयका कर्मचारीहरुलाई दिनुभएको सन्देश	१६
६	महालेखापरीक्षकको कार्यालयको ६२ औँ वार्षिकोत्सवको अवसरमा कार्यालयका कर्मचारीहरुलाई माननीय महालेखापरीक्षकज्यूले दिनुभएको शुभकामना सन्देश	१८
७	कोरोना भाइरस महामारीको कारण बन्दाबन्दी भएको अवस्थामा कार्यसञ्चालन सम्बन्धमा माननीय महालेखापरीक्षकज्यूको सन्देश	२०

संरक्षक
माननीय महालेखापरीक्षक
श्री टंकमणि शर्मा, दंगाल

सल्लाहकार
उप-महालेखापरीक्षक
श्री बाबुराम गौतम

सम्पादक मण्डल
संयोजक
श्री महेश्वर काफ्ले

सदस्य
श्री महेश पौड्याल
श्री मुकुन्द घिमिरे
श्री मल्लिका श्रेष्ठ
श्री माधव अधिकारी

प्रकाशक
महालेखापरीक्षकको कार्यालय
बबरमहल, काठमाडौं ।
फोन नं. ०१-४२६२९५८
फ्याक्स नं. ०१-४२६८३०९
E-mail: oagnep@ntc.net.np
info@oag.gov.np
Website: oagnep.gov.np

नोटिस बोर्ड नं
१६१८०१४२५३२७०

सम्पादकीय .....

नेपालको संविधानको धारा २४१ अनुसार संघ, प्रदेश, स्थानीय तह लगायत तोकिएका अन्य निकायको आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४ को उपधारा (१) बमोजिम सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीसमक्ष मिति २०७७ असार ३१ गते माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालले महालेखापरीक्षकको ५७ औं वार्षिक प्रतिवेदन पेश गर्नुभयो । त्यसैगरी संविधानको धारा २९४(३) बमोजिम प्रदेशको काम कारबाही सम्बन्धमा ७ वटै प्रदेशको अलग अलग प्रतिवेदन तयार गरी सम्बन्धित प्रदेश प्रमुख र लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम सम्बन्धित यस वर्ष ७४३ र गत वर्षको बक्यौता समेत गरी ७४७ स्थानीय तहको छुट्टाछुट्टै लेखापरीक्षण प्रतिवेदनहरु जारी गरिएका छन् । त्यसका सारभूत विषयहरु समावेश गरी सारांश प्रतिवेदन समेत तयार पारिएको छ ।

यस वर्षको लेखापरीक्षणलाई गुणस्तरीय बनाउन योजना तर्जुमा, लेखापरीक्षण कार्यान्वयन र प्रतिवेदन तयारीका क्रममा माननीय महालेखापरीक्षकज्यूले सम्माननीय प्रधानन्यायाधीश, संघीय संसद, प्रतिनिधि सभाका सम्माननीय सभामुख र राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष, संघीय सरकारका लेखा उत्तरदायी अधिकृत लगायत उच्च पदाधिकारीहरुसँग छलफल गरिएको थियो । यस क्रममा माननीय महालेखापरीक्षकज्यूको उपस्थितिमा ५ प्रदेशका माननीय प्रदेश प्रमुख, मुख्यमन्त्री, सभामुख, प्रदेश संसदीय समिति सहित ६ जिल्लाका स्थानीय तहका प्रमुख/उप-प्रमुख, कार्यालय

क्रमशः पेज ९ मा

माननीय महालेखापरीक्षकज्यूको सन्देश



नेपालको संविधान र लेखापरीक्षण ऐन, २०७५ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र पूर्ण स्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट अन्तिम लेखापरीक्षण हुने व्यवस्था छ । यस वर्षको नियमित र सो भन्दा अघिका लेखापरीक्षण गर्न बाँकी समेत यस वर्ष ५ हजार ६१९ निकायको आर्थिक कारोबारको लेखापरीक्षण गरी लेखापरीक्षण नतिजा, निष्कर्ष र सुझाव समावेश गरी ५७ औं वार्षिक प्रतिवेदन तयार गरिएको छ ।

लेखापरीक्षणको क्रममा विगतका अभ्यास र अन्तर्राष्ट्रिय प्रचलन, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तराष्ट्रिय संगठन (इन्टोसाई) द्वारा प्रतिपादित मानदण्डसमेतको अनुसरण गरिएको छ । सार्वजनिक निकायबाट सम्पादित कार्यको स्वतन्त्र र निष्पक्ष मूल्याङ्कन गरी सरोकारवालालाई सुसूचित गराउने उद्देश्यले वार्षिक प्रतिवेदनका सारभूत विषय समावेश गरी सारांश समेत तयार पारिएको छ ।

यस वर्ष संघीय, प्रदेश, सरकारी निकाय र स्थानीय तह, संगठित संस्था, समिति र अन्य संस्था, जिल्ला समन्वय समिति समेतको रु.५१ खर्ब ७१ अर्ब ६४ करोडको लेखापरीक्षण सम्पन्न भएको छ । सोमध्ये ३ हजार ११० संघीय सरकारी निकाय र ७७ जिल्ला समन्वय समितितर्फ रु.१७ खर्ब ५६ अर्ब ४ करोडको लेखापरीक्षणबाट रु.७१ अर्ब ६ करोड अर्थात् ४.०५ प्रतिशत बेरुजू देखिएको छ । यो वर्ष प्रदेशतर्फ ९९८ कार्यालयको रु.१ खर्ब ८९ अर्ब २५ करोडको लेखापरीक्षणबाट रु.८ अर्ब २० करोड अर्थात् ४.३३ प्रतिशत बेरुजू कायम भएको र ७४७ स्थानीय तहको रु.७ खर्ब ४० अर्ब ६५ करोडको लेखापरीक्षणबाट रु.३८ अर्ब १३ करोड अर्थात् ५.१५ प्रतिशत बेरुजू देखिएको छ । यस्तै सार्वजनिक संस्था र अन्य समितिको रु.२४ खर्ब ९८ अर्ब ८७ करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ । सोको अतिरिक्त ३२ संगठित संस्थाको लेखापरीक्षणको लागि परामर्श उपलब्ध गराए बमोजिम रु.९ खर्ब ५० अर्ब ८५ करोडको लेखापरीक्षण भएको छ । सो समेत यस वर्ष रु.६१ खर्ब २२ अर्ब ४९ करोडको लेखापरीक्षण सम्पन्न भएको छ ।

गत वर्षसम्मको बाँकी बेरुजू रु.३ खर्ब ७७ अर्ब ४८ करोडमा समायोजनबाट घटेको रु ६५ करोड र फर्स्योट अङ्क रु ९२ अर्ब ८ करोड घटाई यो वर्ष थप भएको बेरुजु रु.१ खर्ब ३३ अर्ब समेत रु ४ खर्ब १८ अर्ब ३२ करोड बाँकी रहेको छ । लेखापरीक्षण तथा सम्परीक्षणबाट यो वर्ष रु.७ अर्ब ४८ करोड असुल भएको छ । गत वर्ष संघीय सरकारी कार्यालय, प्रदेश सरकार र स्थानीय तहको बेरुजु प्रतिशत क्रमश : ५.२९, ७.२५ र ४.२२ रहेकोमा यस वर्ष क्रमश : ४.०५,

क्रमशः पेज १० मा



महालेखापरीक्षकको ५७ औं वार्षिक प्रतिवेदनका मुख्य व्यहोराहरु सम्माननीय राष्ट्रपतिज्यूसमक्ष जानकारी गराउनुहुदैं माननीय महालेखापरीक्षक

महालेखापरीक्षकको ५७ औं .....

प्रदेश र स्थानीय तह समेतका सबै सार्वजनिक निकायहरुले अनुत्पादक र फजुल खर्च नियन्त्रण गरी आर्थिक मितव्ययिता कायम गर्नुपर्नेमा जोड दिँदै प्रतिवेदनमा उल्लेखित व्यहोरा कार्यान्वयन गरेमा मुलुकमा समग्र वित्तीय अनुशासन कायम भई **"समृद्ध नेपाल, सुखी नेपाली"** को राष्ट्रिय संकल्प पूरा गर्न मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

त्यस अवसरमा सम्माननीय राष्ट्रपतिज्यूसमक्ष प्रतिवेदनमा औंल्याइएका मुख्य व्यहोराहरुबारे माननीय महालेखापरीक्षकज्यूले प्रस्तुत गर्नु भएको थियो । त्यस क्रममा उहाँले लेखापरीक्षण र प्रतिवेदन तयार गर्न अवलम्बन गरिएको विधिका अतिरिक्त प्रतिवेदनले मुख्यत: बजेट तर्जुमा तथा कार्यान्वयन, आर्थिक कारोबारको लेखांकन, आयोजना व्यवस्थापन, सार्वजनिक खरिद व्यवस्थापन, सेवा प्रवाह, अनुदान, लगानी तथा त्यसबाट प्राप्त प्रतिफल लगायतका विषयमा संघ, प्रदेश तथा स्थानीय तहबाट भएका काम कारबाहीको मूल्याङ्कन परीक्षण गरी देखिएका व्यहोराको आधारमा प्रतिवेदन तयार गरिएको धारणा व्यक्त गर्नुभएको थियो ।

नेपालको संविधानको धारा २९४ (३) बमोजिम प्रदेशको काम कारबाही सम्बन्धमा ७ वटै प्रदेशको अलग अलग प्रतिवेदन तयार गरी सम्बन्धित प्रदेश प्रमुख समक्ष टेलिफोन र भिडियो कन्फ्रेन्स मार्फत् पेश गरी सूचना प्रविधिको माध्यमबाट विद्युतीय प्रति उपलब्ध गराईएको थियो । सो अवसरमा माननीय महालेखापरीक्षकले माननीय प्रदेश प्रमुखहरुसँग प्रतिवेदनका प्रमुख व्यहोराहरु अवगत गराउनु भएको थियो । माननीय प्रदेश प्रमुखहरुले प्रतिवेदनमा उल्लेखित व्यहोरा कार्यान्वयनका लागि सम्बन्धित निकायमा उपलब्ध गराउने प्रतिबद्धता जनाउनु भएको थियो ।

त्यसैगरी यस वर्ष ७५३ स्थानीय तह मध्ये ७४३ को लेखापरीक्षण भई १० स्थानीय तहको लेखापरीक्षण बक्यौता रहेको छ । गत वर्ष ६ स्थानीय तहको लेखापरीक्षण बक्यौता रहेकोमा ४ स्थानीय तहको बक्यौता लेखापरीक्षण समेत सम्पन्न गरिएको छ । यस वर्ष र गत वर्ष समेत गरी स्थानीय तह ७४७ को लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम सम्बन्धित स्थानीय तहमा छुट्टाछुट्टै लेखापरीक्षण प्रतिवेदनहरु जारी गरिएका छन् ।

महालेखापरीक्षकको ५७ औं वार्षिक प्रतिवेदनमा लेखापरीक्षण गरिएका निकायको विवरण, लेखापरीक्षणबाट देखिएको बेरुजू स्थिति, लेखापरीक्षणबाट देखिएका समान व्यहोरा, लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति भविष्यमा गर्नुपर्ने सुधार र कार्यालय गतिविधिलाई समावेश गरिएको छ । त्यसैगरी सार्वजनिक निकायबाट भएका काम कारबाहीको बारेमा सरोकारवालालाई सुसूचित गराउन वार्षिक प्रतिवेदनका सारभूत विषयहरु समावेश गरी वार्षिक प्रतिवेदनको सारांश समेत तयार पारिएको छ । पेश भएका वार्षिक प्रतिवेदन र सोको सारांश प्रति कार्यालयको वेभसाइट www. oagnep.gov.np बाट समेत प्राप्त गर्न सकिने छ ।

महालेखापरीक्षकको ५७ औं वार्षिक प्रतिवेदनमा समावेश भएका मुख्य व्यहोरा एवं तथ्याङ्क

१ **लेखापरीक्षण** - कार्यालयबाट यो वर्ष ५ हजार ६१९ निकायको रु.५१ खर्ब ७१ अर्ब ६४ करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण सम्पन्न गरिएको निकाय र विषयगत अवस्था निम्नानुसार छ:

(रकम रु. लाखमा)

लेखापरीक्षण गरिएका निकाय र विषय	संख्या	रकम	बेरुजू	बेरुजू प्रतिशत
(क) वित्तीय लेखापरीक्षण				
१. संघीय मन्त्रालय तथा निकाय	३११०	१७४२८६७१	७०६९५८	४.०५
२. जिल्ला समन्वय समिति	७७	१३१६८४	३६४९	२.७७
३. प्रदेश मन्त्रालय तथा निकाय	९९८	१८९२५४३	८१९८४	४.३३
४. स्थानीय तह	७४७	७४०६५४९	३८१२७९	५.१५
५. समिति र अन्य संस्था	५७७	१३०६२८०	१५६०८९	११.९५
६. संगठित संस्था	९३	२३५५०७७१	-*	-
(ख) कार्यमूलक, सूचना प्रविधि र विशेष लेखापरीक्षण	१७	-	-	-
जम्मा	५६१९	५१७१६४९८	१३२९९५९	

द्रष्टव्य:* संगठित संस्थाहरुको लेखापरीक्षणबाट देखिएको बेरुजूको लगत राख्ने एवं सम्परीक्षण कार्य सम्बन्धित निकायबाट हुने भएकोले उल्लिखित अङ्कमा समावेश छैन।

१.१ सोको अतिरिक्त ३० संस्थाको लेखापरीक्षणको लागि परामर्श प्रदान गरिएको लेखापरीक्षकबाट रु.९ खर्ब ५० अर्ब ८५ करोडको लेखापरीक्षण गराइएको छ। सोसमेत यो वर्षको कुल लेखापरीक्षण रकम रु.६१ खर्ब २२ अर्ब ४९ करोड रहेको छ।

२. **यस वर्षको बेरुजू वर्गीकरण –** यस वर्षको बेरुजू वर्गीकरण अङ्क निम्नानुसार रहेको छ:

(रु. लाखमा)

वर्गीकरण	सरकारी कार्यालय (जिल्ला समन्वय समिति समेत)	प्रदेश सरकारी कार्यालय	स्थानीय तह	समिति/अन्य संस्था (प्रदेश समेत)	जम्मा	कुल बेरुजूको प्रतिशत
१. असुल गर्नुपर्ने		३८०२	५२५८७	१२८२७	२४३२८४	१८.२९
२. नियमित गर्नुपर्ने	२०३९०५	३८७७५	२४८११३	१३०९२०	६२१७१३	४६.७५
• अनियमित भएको	३७६३७	१२१७८	९८२४२	२४९७३	१७३०३०	१३.०१
• प्रमाण कागजात पेस नभएको	१६४७९८	२६५९७	१४९४६०	१०५५९७	४४६४५२	३३.५७
• जिम्मेवारी नसारेको	०	०	२९८	३३८	६३६	०.०५
• शोधभर्ना नलिएको	१४७०	०	११३	१२	१५९५	०.१२
३. पेस्की	३३२६३४	३९४०७	८०५७९	१२३४२	४६४९६२	३४.९६
• कर्मचारी पेस्की	७६०	१६९९	१५४०५	४८०	१८३४४	१.३८
• मोबिलाइजेसन पेस्की	१८०८२०	३३२५१	०	०	२१४०७१	१६.१०
• प्रतीतपत्र पेस्की	१०५७६१	४९९	०	०	१०६२६०	७.९९
• अन्य पेस्की	४५२९३	३९५८	६५१७४	११८६२	१२६२८७	९.५०
जम्मा बेरुजू	७१०६०७	८१९८४	३८१२७९	१५६०८९	१३२९९५९	**१००.००**

द्रष्टव्य: संगठित संस्थाहरुको बेरुजूको लगत राख्ने एवं सम्परीक्षण कार्य सम्बन्धित निकायबाट हुने भएकोले उल्लिखित अङ्कमा समावेश छैन।

३. **बढी बेरुजू हुने निकाय** - संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहतर्फ बढी बेरुजू देखिएको निकाय निम्नानुसार छन्:

३.१ संघीय सरकारी कार्यालयतर्फ यो वर्ष रकमगत आधारमा बढी बेरुजू हुने मन्त्रालय निम्नानुसार छन्:

(रु. लाखमा)

क्र.सं.	मन्त्रालय	लेखापरीक्षण अङ्क	बेरुजू अङ्क				कुल बेरुजूको प्रतिशत	ले.प.अङ्कको तुलनामा बेरुजू प्रतिशत
			असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने	पेस्की बाँकी	जम्मा		
१	अर्थ	१०५११०५९	१२४४८८	६४८९५	१२८५	१९०६६८	२६.८३	१.८१
२	भौतिक पूर्वाधार तथा यातायात	११७८८८६	१०५८६	२०८८५	११५५०१	१४६९७२	२०.६८	१२.४७
३	रक्षा	७०२९३७	४	३४	९०९९२	९१०३०	१२.८१	१२.९५
४	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	९४१६४५	२६४	५७१०	४३०५२	४९०२६	६.९०	५.२१
५	खानेपानी	१७७७६८	१०८१३	२१६२७	१०३८७	४२८२७	६.०३	२४.०९
६	शहरी विकास	२८२५०९	१५५५	८०९९	२३७८८	३३४४२	४.७१	११.८४
७	शिक्षा, विज्ञान तथा प्रविधि	३०१७४२	९४	२९०००	४३७	२९५३१	४.१६	९.७९
८	भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण	४१५४५१	२३७४	२३६७०	३५४	२६३९८	३.७१	६.३५
९	ऊर्जा, जलस्रोत तथा सिँचाइ	६४५१९४	२१७६	८५२५	१०७३४	२१४३५	३.०२	३.३२
१०	सञ्चार तथा सूचना प्रविधि	१७७७७३	१२९०१	४९३	४२४	१३८१८	१.९४	७.७७
	अन्य	२०९३७०७	८८१३	२०९६७	३५६८०	६५४६०	९.२१	३.१३
	जम्मा	१७४२८६७१	१७४०६८	२०३९०५	३३२६३४	७१०६०७	१००.००	४.०८

द्रष्टव्य: उल्लिखित दश मन्त्रालयमा संघीय सरकारी कार्यालयतर्फको कुल बेरुजूको ९०.७९ प्रतिशत रहेको छ।

३.२ प्रदेश सरकारतर्फ लेखापरीक्षण अङ्कको तुलनामा ४.३३ प्रतिशत बेरुजू कायम भएकोमा सबैभन्दा घटी बागमती प्रदेशको २.५० प्रतिशत र सबैभन्दा बढी प्रदेश नं. २ को ७.०९ प्रतिशत रहेको छ। स्थानीय तहतर्फ लेखापरीक्षण अङ्कको तुलनामा ५.१५ बेरुजू कायम भएकोमा सबैभन्दा घटी झापाको मेचीनगर नगरपालिकाको ०.०३ प्रतिशत र बढी महोत्तरीको सम्सी गाउँपालिका ४०.४८ प्रतिशत रहेको छ।

३.३ यो वर्ष ३ हजार ११० संघीय सरकारी कार्यालयको लेखापरीक्षण गरिएकोमा १ हजार ७४३ कार्यालय (५६.२१ प्रतिशत) मा लगती बेरुजू देखिएन। प्रदेश सरकारी कार्यालयतर्फ ९९८ को लेखापरीक्षण गरेकोमा ३४८ कार्यालय (३४.८७ प्रतिशत) लगती बेरुजु देखिएन।

३.४ यो वर्ष २ हजार ७५१ संघीय सरकारी कार्यालय, प्रदेश र स्थानीय तह एवं जिल्ला समन्वय समितिको ७३ हजार ३१० दफा बेरुजू देखिएकोमा ४३ हजार १४५ दफा सैद्धान्तिक र ३० हजार १६५ दफा लगति बेरुजू कायम भएको छ।

४. **अद्यावधिक बेरुजू** - संघीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह, जिल्ला समन्वय समिति, अन्य समिति र संस्थातर्फ लेखापरीक्षणबाट औँल्याइएको अद्यावधिक बेरुजू रु.४ खर्ब १८ अर्ब ३२ करोड रहेको छ। गत वर्ष भन्दा बेरुजू १०.८२ प्रतिशतले बढेको छ।

(रु. लाखमा)

क्र.सं.	विवरण	गत वर्षसम्म	यस वर्ष थप/ घट	अद्यावधिक बेरुजू		
				पेस्की	अन्य	जम्मा
१	संघीय सरकारी कार्यालय	२८६००१२	-१२४२२१	१००९१७२	१७२६६१९	२७३५७९१
२	प्रदेश सरकारी कार्यालय	१९५१	८१९७५	४०४८३	४३४४३	८३९२६
३	स्थानीय तह	३५९९२५	३३८१८४	८०५७९	६१७५३०	६९८१०९
४	अन्य संस्था र समिति (प्रदेश समेत)	५५२८७७	११२४७०	०	६६६४२४	६६५३४७
	जम्मा	३७७४७६५	४०८४०८	११३०२३४	३०५४०१६	४१८३१७३

गत वर्ष संघीय सरकारी कार्यालय, प्रदेश सरकार र स्थानीयतहको बेरुजु प्रतिशत क्रमश : ५.२९, ७.२५ र ४.२२ रहेकोमा यस वर्ष क्रमश : ४.०५, ४.३३ र ५.१५ देखिएको छ। जस अनुसार गत बर्षको तुलनामा यस वर्ष संघीय कार्यालय र प्रदेश सरकार तर्फ बेरुजु घटेको छ, भने स्थानीयतह तर्फको बेरुजु ०.९३ प्रतिशतले बढेको छ।

५ **कारबाही टुङ्गो लगाउनुपर्ने रकम-** संघीय तथा प्रदेश सरकारी कार्यालय, स्थानीय तह, जिल्ला समन्वय समिति, अन्य समिति र संस्थातर्फको बेरुजूका अतिरिक्त लेखापरीक्षण बक्यौता, राजस्व बक्यौता, शोधभर्ना लिनुपर्ने वैदेशिक अनुदान तथा ऋण रकमका सम्बन्धमा समयमा नै कारबाही गरी टुङ्गो लगाउनुपर्ने अद्यावधिक रकम रु.२ खर्ब ४६ अर्ब १२ करोड रहेको छ। उक्त रकम गतवर्ष भन्दा १९.६२ प्रतिशत घटेको छ।

(रु.लाखमा)

क्र.सं.	विवरण	गतवर्षसम्म	यसवर्ष थप । घट	अद्यावधिक
१	लेखापरीक्षण बक्यौता	३४०२१	१३३९१	४७४१२
२	राजस्व बक्यौता	२५२१३०१	-५४२८९०	१९७८४११
३	शोधभर्ना लिन बाँकी वैदेशिक अनुदान	२०७६२६	-५८४५८	१४९१६८
४	शोधभर्ना लिन बाँकी वैदेशिक ऋण	२७८३६०	-१२६७१	२६५६८९
५	जमानत बसी दिएको ऋणको भाखा नाघेको साँवा ब्याज	२०५००	०	२०५००
	जम्मा	३०६१८०८	-६००६२८	२४६११८०

उक्त रकममा अद्यावधिक बेरुजू रु.४ खर्ब १८ अर्ब ३२ करोड थप गर्दा कारबाही गरी टुङ्गो लगाउनुपर्ने अद्यावधिक रकम रु.६ खर्ब ६४ अर्ब ४४ करोड पुगेको छ। गतवर्ष यस्तो रकम रु.६ खर्ब ८३ अर्ब ६६ करोड रहेको थियो। गत वर्षको तुलनामा कारबाही गरी टुङ्गो लगाउनुपर्ने रकम २.८१ प्रतिशतले घटेको छ। कारबाही गरी टुङ्गो लगाउनुपर्ने रकम घट्नुमा बेरुजू फर्स्यौट भएको तदारुकता, दातृसंस्था तथा निकायबाट सोधभर्ना प्राप्त हुनु, अदालतको फैसलाबमोजिम कर निर्धारणमा समायोजन गरेको र सार्वजनिक संस्थानबाट भाखा नाघेको ब्याज तथा साँवा रकम बढी असुली हुनु रहेको छ। फलस्वरुप राजस्व बक्यौता र सोधभर्ना लिनुपर्ने रकममा रु.६० अर्ब कम हुन गई कारबाही टुङ्गो लगाउनुपर्ने रकम घटेको छ।

६. **लेखापरीक्षणको प्रभाव -** कानूनले तोकेभन्दा घटी राजस्व असुल गरेको, कोषमा मौज्दात निष्क्रिय राखेको, बढी भुक्तानी गरेको र प्रचलित कानुनको पालना नगरी खर्च गरेको व्यहोरा असुलउपर गर्न लेखापरीक्षणले औँल्याए पश्चात् असुल भई यो वर्ष राज्यकोषमा रु.७ अर्ब ४७ करोड ८० लाख दाखिला भएको छ।

७. **बेरुजू फर्स्यौट -** यो वर्ष बेरुजू फर्स्यौट तथा सम्परीक्षणको स्थिति देहाय बमोजिम छ:

(रु.लाखमा)

निकाय/विवरण	संघीय सरकारी कार्यालय (जिसस समेत)	संगठित संस्था, समित, अन्य संस्था	प्रदेश सरकारी कार्यालय	स्थानीय तह	जम्मा
विगतको बेरुजू	**२८६००१३**	**५५२८७७**	**१९५१**	**३५९९२४**	**३७७४७६५**
समायोजनाबाट थप (घट)	०	-३००	०	-३५९	-६५९
फछ्यौट तथा सम्परीक्षण	८३४८२९	४३३१८	९	४२७३५	९२०८९१
बाँकी	**२०२५१८४**	**५०९२५८**	**१९४२**	**३१६८३०**	**२८५३२१४**
चालु वर्षको लेखापरीक्षण बेरुजू	७१०६०७	१५६०८९	८१९८४	३८१२७९	१३२९९५९
अद्यावधिक बाँकी बेरुजू	**२७३५७९१**	**६६५३४७**	**८३९२६**	**६९८१०९**	**४१८३१७३**

द्रष्टव्य: मन्त्रिपरिषद्को २०६९।६।११ को निर्णयानुसार २०५९।६० सम्मको बेरुजू लगत कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयमा हस्तान्तरण भएकोमध्ये रु.८ करोड ५४ लाख फर्स्यौट भएको छ।

८ **लेखापरीक्षण बक्यौता -** यस सम्बन्धमा देखिएको प्रमुख व्यहोरा देहायअनुसार छन्:

८.१ संघीय सरकारी कार्यालयतर्फ गत वर्षसम्म २ हजार ९०० इकाईको रु. ३ खर्ब ४० करोड २१ लाख लेखापरीक्षण बक्यौता रहेकोमा यो वर्ष कुनैपनि निकायले लेखापरीक्षण गराएका छैनन्। यो वर्ष परराष्ट्र र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको रु. २८ करोड ७ लाख थप भई रु. ३ अर्ब ६८ करोड २८ लाख बाँकी रहेको छ। सार्वजनिक लेखा समितिले बक्यौताको लेखा पेस गरी लेखापरीक्षण गराउन निर्देशन दिए पनि लेखापरीक्षण गराएको छैन।

८.२ गत वर्षसम्म ७ संगठित संस्थाको ३३ आर्थिक वर्षको लेखापरीक्षण बक्यौता रहेकोमा यो वर्ष ११ संस्थाको १४ आर्थिक वर्षको बाँकी रहेको छ।

८.३ यस वर्ष सिरहाको भगवानपुर र नवराजपुर गाउँपालिका, धनुषाको जनकपुर उपमहानगरपालिका, सर्लाहीको बलरा र कविलासी नगरपालिका तथा वसबरिया गाउँपालिका, रौतहटको फतुना विजयपुर नगरपालिका र पर्साको ठोरी र जिराभवानी गाउँपालिका, रामेछापको लिखु तामाकोशी गाउँपालिका समेत १० स्थानीय तहको लेखापरीक्षण बक्यौता रहेको छ ।

९. प्रदेश सरकार र स्थानीय तहको बेरुजू - यस सम्बन्धी स्थिति निम्नानुसार रहेको छ:

९.१ प्रदेश तर्फको २०७५।७६ को बेरुजु- प्रदेश सरकार मातहतका सरकारी ९९८ कार्यालय, अन्य संस्था र समिति समेत १ हजार ८० निकायतर्फको २०७५।७६ को लेखापरीक्षण रकम र बेरुजू अङ्क

(रु. लाखमा)

प्रदेश न..	लेखापरीक्षण गरिएको कार्यालय संख्या	लेखापरीक्षण रकम	पेस्की समेत बेरुजू रकम	लेखापरीक्षण रकमको तुलनामा बेरुजू प्रतिशत	पेस्की बाहेक बेरुजू प्रतिशत
१	२००	३४६६४९	१६७३९	४.८२	२.२१
२	१२६	२५७३१४	१८२५४	७.०९	४.९४
बागमती	१९१	३९४७५४	९८७३	२.५०	१.२९
गण्डकी	१४९	२३८९२७	१६४४७	६.८८	४.७०
५	१५३	३०२८३८	९४६८	३.१३	२.०६
कर्णाली	१३४	१९००४९	५१७०	२.७२	१.५१
सुदूरपश्चिम	१२७	२२८२४९	८८२९	३.८७	२.१६
जम्मा	**१०८०**	**१९५८७८०**	**८४७८०**	**४.३३**	**२.०४**

९.२ प्रदेश तर्फको अद्यावधिक बेरुजु - प्रदेश सरकार मातहत सरकारी कार्यालय, अन्य संस्था र समितितर्फको गत वर्षसम्मको बाँकी बेरुजू रु.१९ करोड ५१ लाख रहेकोमा सम्परीक्षणबाट रु.९ लाख फर्स्यौट भएको र यो वर्ष रु.८ अर्ब ४७ करोड ८० लाख थप भई अद्यावधिक बेरुजू रु.८ अर्ब ६७ करोड २२ लाख रहेको छ । सो रकममा रु.४ अर्ब १० करोड ७४ लाख पेस्की रहेको छ । यससम्बन्धी प्रदेशगत विवरण देहायबमोजिम छ:

(रु. लाखमा)

प्रदेश नं.	गत वर्षको बाँकी	सम्परीक्षणबाट फर्स्यौट	बाँकी बेरुजू	यो वर्षको थप बेरुजू	दोस्रो प्रतिवेदनसम्मको बाँकी	बेरुजू बाँकी मध्ये पेस्की
१	२२३	२	२२१	१६७३९	१६९६०	९०४४
२	१६४६	०	१६४६	१८२५४	१९९००	६५९८
बागमती	१०	०	१०	९८७३	९८८३	४७६६
गण्डकी	५	४	१	१६४४७	१६४४८	११२४४
५	५	०	५	९४६८	९४७३	३२२८
कर्णाली	२	०	२	५१७०	५१७२	२२९३
सुदूरपश्चिम	६०	३	५७	८८२९	८८८६	३९०१
जम्मा	**१९५१**	**९**	**१९४२**	**८४७८०**	**८६७२२**	**४१०७४**

९.३ स्थानीय तहको लेखापरीक्षण रकम र बेरुजू - स्थानीय तहको लेखापरीक्षण रकम र बेरुजू अङ्कको प्रदेशगत विवरण

प्रदेश नं.	लेखापरीक्षण गरिएको स्थानीय तह संख्या	लेखापरीक्षणा रकम	पेस्की समेत बेरुजू रकम	ले.प. को तुलनामा बेरुजू प्रतिशत	पेस्की बाहेक बेरुजू प्रतिशत
१	१३७	१३६००९३	४९००७	३.६०	३.०२
२	१२७	११३९८६५	१०५८४२	९.२९	६.८८
बागमती	११८	१५६३३५६	७४६२७	४.७७	३.८१
गण्डकी	८५	८०६४५८	२८३९८	३.५२	२.७६
५	१०९	११७५९०६	५०४५६	४.२९	३.५०
कर्णाली	७९	५६४८२०	३००१७	५.३१	४.२०
सुदूरपश्चिम	८८	७७१८०३	३६४७०	४.७३	३.७६
जम्मा	७४३	७३८२३०१	३७४८१७	५.०८	३.९९

द्रष्टव्य: स्थानीय तहतर्फ ७५३ मध्ये ७४३ र बक्यौता ४ समेतको लेखापरीक्षणबाट कायम भएको बेरुजु ३८१२७९ (रु लाखमा) रहेको छ।

९.४ महानगरपालिकाहरुको लेखापरीक्षण रकम र बेरुजू अङ्कको विवरण :

(रु. लाखमा)

सि.नं.	महानगरपालिका	लेखापरीक्षण रकम	यो वर्ष बेरुजू	हालसम्मको बाँकी बेरुजू	यो वर्षको बेरुजू प्रतिशत
१	काठमाडौँ	१५२०३२	१४३९४	२८७३९	९.४७
२	पोखरा	८९१८२	६२४७	१२६५८	७.००
३	भरतपुर	६६९८४	२२४५	९७०६	३.३५
४	वीरगञ्ज	७००३७	६९५८	१३७३०	९.९३
५	विराटनगर	७३९४९	१४७४	७१५५	१.९९
६	ललितपुर	६२८९५	८८२५	१५३६२	१४.०३
	जम्मा	५१५०७९	४०१४३	८७३५०	७.७९

९.५ उपमहानगरपालिकाहरुको लेखापरीक्षण रकम र बेरुजू अङ्कको विवरण :

(रु. लाखमा)

सि.नं.	उपमहानगरपालिका	लेखापरीक्षण रकम	यो वर्ष बेरुजू	हालसम्मको बाँकी बेरुजू	यो वर्षको बेरुजू प्रतिशत
१	धरान	३४६६८	४१०	१६९०	१.१८
२	इटहरी	२६८६९	४९३	३८६३	१.८४
३	कलैया	२१८६९	६३१	१७८६	२.८९
४	जीतपुर सिमरा	२१६१७	६८५	१८१७	३.१७
५	हेटौडा	३५३९८	१०४९	१४३९	२.९६
६	बुटवल	२९५३३	९१६	११४९	३.१०
७	घोराही	३०६४३	१४६३	२५९५	४.७७
८	तुलसीपुर	२७०५७	२०९०	२७११	७.७२
९	नेपालगञ्ज	५२४५७	१३८०	४८३४	२.६३
१०	धनगढी	३२४६३	१५४४	१९८३	४.७६
जम्मा		३१२५७४	१०६६१	२३८६७	३.४१

जनकपुर उपमहानगरपालिकाले लेखापरीक्षण नगराएकोले तालिकामा समावेश गरिएको छैन।

९.६ नगरपालिकाको लेखापरीक्षण रकम र बेरुजू अङ्कको प्रदेशगत विवरण :

(रु. लाखमा)

प्रदेश नं.	नगरपालिका संख्या	लेखापरीक्षण रकम	बेरुजू रकम	बेरुजू प्रतिशत	पेस्की बाहेक बेरुजू प्रतिशत
१	४६	६०५१३८	२३५२१	३.८९	३.३१
२	७०	७१७८८७	६६७३२	९.३०	६.७१
बागमती	४१	६६५१९६	२५६७१	३.८६	३.०२
गण्डकी	२६	३३२६६४	१००६४	३.०३	२.३३
५	३२	४५१५६०	१८३६९	४.०७	३.२४
कर्णाली	२५	२४१६६२	१३०१५	५.३९	४.३९
सुदूरपश्चिम	३३	३७२९१८	१६५७०	४.४४	३.४४
जम्मा	२७३	३३८७०२५	१७३९४२	५.१४	३.९६

९.७ गाउँपालिकाहरुको लेखापरीक्षण रकम र बेरुजू अङ्कको प्रदेशगत विवरण :

(रु. लाखमा)

प्रदेश नं.	गाउँपालिका संख्या	लेखापरीक्षण रकम	बेरुजू रकम	बेरुजू प्रतिशत	पेस्की बाहेक बेरुजू प्रतिशत
१	८८	६१९४७०	२३१०८	३.७३	३.१५
२	५४	३०८४५५	३०८३६	१०.०१	८.१०
बागमती	७३	५८०८५०	२२४४४	३.८६	३.३८
गण्डकी	५८	३८४६११	१२०८८	३.१४	२.७४
५	७३	५८४६५७	२६२३९	४.४९	३.७५
कर्णाली	५४	३२३१५८	१७००३	५.२६	४.०६
सुदूरपश्चिम	५४	३६६४२१	१८३५६	५.०१	४.२२
जम्मा	४५४	३१६७६२२	१५००७४	४.७४	३.९५

सम्पादकीय .....

प्रमुख लगायत जिम्मेवार पदाधिकारीसँग २३ वटा छलफल तथा अन्तर्क्रिया सम्पन्न गरिएको थियो ।

नेपालको संविधान, लेखापरीक्षण ऐन र अन्य प्रचलित कानून बमोजिम संघीय संसद, प्रतिनिधि सभा र प्रदेश सभाको सार्वजनिक लेखा समिति तथा सम्बन्धित गाँउ नगरसभामा महालेखापरीक्षकको वार्षिक तथा लेखापरीक्षण प्रतिवेदन उपर हुने छलफललाई प्रभावकारी र नतिजामुखी बनाउनु पर्दछ । जसले मुलुकको संघीय संरचनालाई दिगो बनाउन, तीनै तहका सरकारमा वित्तीय अनुशासन कायम गर्न तथा सार्वजनिक सेवा प्रवाहलाई जवाफदेही र जिम्मेवार बनाउन समेत सहयोग पुग्ने देखिन्छ । अतः लेखापरीक्षण प्रतिवेदनले मुलुकी प्रशासनका समग्र पक्षमा गर्नुपर्ने सुधारका लागि मार्गनिर्देश गर्ने अपेक्षा राख्दै यसको कार्यान्वयनमा सम्बन्धित पक्षहरु जिम्मेवार रहने विश्वास समेत लिएका छौं ।

भावपूर्ण श्रद्धाञ्जली
एवं
हार्दिक समवेदना



जन्म:
वि.सं.
१९७८

स्वर्गारोहण:
वि.सं.
वि.सं.२०७७ जेष्ठ १५

स्व. बुलमाया महर्जन

यस कार्यालयका लेखापरीक्षण अधिकारी श्री विजय महर्जनकी ममतामयी आमा बुलमाया महर्जनको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारप्रति हार्दिक एवं भावपूर्ण समवेदना प्रकट गर्दछौं । यस दुःखद घडीमा सबैमा धैर्यधारण गर्ने सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसँग प्रार्थना गर्दछौ ।

महालेखापरीक्षक टंकमणि शर्मा, दंगाल
तथा
महालेखापरीक्षकको कार्यालय परिवार

माननीय महालेखापरीक्षकज्यूको .....

४.३३ र ५.१५ देखिएको छ । उल्लिखित तथ्याङ्क अनुसार संघीय सरकारी कार्यालयतर्फ लेखापरीक्षण अंकको तुलनामा बेरुजू प्रतिशत घट्नुलाई आर्थिक अनुशासन पालनाको स्तरमा सुधार हुन लागेको संकेतको रुपमा लिएको छु भने स्थानीय तहको वित्तिय व्यवस्थापनको हकमा थप सुधार गर्नुपर्ने अवस्था देखिएको छ ।

लेखापरीक्षणको क्रममा बजेट तर्जुमा र कार्यान्वयन, राजश्व प्रशासन, आयोजना एवं खरिद व्यवस्थापन, खर्च कटौती, अनुदान खर्चको अनुगमन र नियमन, सेवा प्रवाह, सूचना प्रविधिको प्रगोग, संस्थान सञ्चालन, लेखांकन र प्रतिवेदन प्रणाली, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक र अन्तिम लेखापरीक्षण, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, संघीयता कार्यान्वयन, प्रदेश तथा स्थानिय तहको वित्तीय व्यवस्थापन लगायतका विषयमा सुधारका लागि सुझावहरु समेत प्रस्तुत गरिएको छ । यी सुझावहरुको कार्यान्वयनबाट वित्तीय व्यवस्थापन प्रणालीलाई जिम्मेवार, पारदर्शी, नतिजामूलक तथा उत्तरदायी बनाई सार्वजनिक प्रशासनमा वित्तीय उत्तरदायित्वलाई प्रवर्द्धन गर्ने विश्वास लिएको छु ।

यो वर्षको वार्षिक लेखापरीक्षण योजना बमोजिम तोकिएका निकायहरुको जोखिममा आधारित लेखापरीक्षण योजना तयार गरी २०७६ श्रावण देखि २०७६ फागुन मसान्त सम्ममा सम्पन्न गरी चैत्र मसान्तमा वार्षिक प्रतिवेदन पेश गर्ने कार्यतालिका रहेकोमा कोरोना भाईरसको विश्वव्यापी महामारीको कारण सिर्जित बन्दाबन्दीको कारण केही बिलम्व भई आषाढ मसान्तमा मात्र प्रतिवेदन पेश गर्न सम्भव भएको छ ।

स्थापनाकाल देखि नै महालेखापरीक्षकले सार्वजनिक क्षेत्रमा जिम्मेवारी र जवाफदेहिता अभिवृद्धि गर्दै आर्थिक अनुशासन कायम गराउन महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । महालेखापरीक्षकको सार्वजनिकरुपमा उपस्थिति, पहिचान र प्रतिष्ठा अभिवृद्धि भईरहँदा चुनौतीहरु पनि थपिएका छन् । कार्यालयसँग मानवीय र भौतिक क्षमता सीमित रहेको छ । उपलब्ध सीमित क्षमताबाट सार्वजनिक क्षेत्रको आर्थिक कारोबारमा भएको वृद्धि, आर्थिक अनुशासन पालनामा आएको ह्रास, सूचना प्रविधिमा भएको विकास र यसले पारेको प्रभाव, वित्तीय कारोबारको प्रवृत्ति, प्रकृति र लेखांकनमा आएको परिवर्तन, कोरोना भाइरसको महामारी लगायत विपद् र आपतकालीन घटनाहरुको वृद्धि, जलवायु परिवर्तन तथा त्यसको प्रभाव, दिगो विकासको लक्ष्यको प्राप्ति र विकास प्रशासन संचालनमा आएको विविधिता जस्ता विषयहरु समेटी मुलुकको शासकीय प्रणालीमा आएको परिवर्तनसँगै संघ, प्रदेश र स्थानीय तहको गुणस्तरीय लेखापरीक्षण कार्य सम्पन्न गर्न चुनौतीपूर्ण छ ।

लेखापरीक्षणको गुणस्तर र विश्वसनीयता अभिवृद्धि गर्दै नतिजामूलक र प्रभावकारी बनाउन वित्तीय र नियमितताको अतिरिक्त केही राष्ट्रिय महत्वका विषयहरु छनौट गरी कार्यमूलक लेखापरीक्षणको संख्या वृद्धि गर्ने तथा वातावरणीय, सूचना प्रविधि र विशेष लेखापरीक्षण लगायतका विधिहरुको अवलम्बन तथा लेखापरीक्षणमा नागरिक र सम्बद्ध पक्षहरुको सहभागिता अभिवृद्धिबाट सार्वजनिक लेखापरीक्षणमा देखिएका चुनौतीहरुको सामना गरी सार्वजनिक वित्तीय व्यवहारमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन गर्दै आर्थिक अनुशासन कायम गर्ने गराउने योजना रहेको छ ।

विश्वव्यापी रुपमा देखिएको कोरोना भाइरस महामारीका कारण आगामी वर्षको लेखापरीषण कार्य जटिल देखिएको छ । यस सन्दर्भमा सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठनद्वारा प्रतिपादित विधि, तरिका र पद्धति, लेखापरीक्षणका मान्य सिद्धान्त एवं अन्तर्राष्ट्रिय अभ्यास समेतका आधारमा उपयुक्त लेखापरीक्षण विधिको अवलम्बन गरिने छ । त्यसैगरी कोरोना भाइरस नियन्त्रण तथा रोकथामसँग सम्बन्धित खर्चको छुट्टै लेखापरीक्षण गरिने सोच बनाएको छु । तसर्थ कोभिड-१९ सँग सम्बन्धित र तोकिए बमोजिमका अन्य निकायको नियमित लेखापरीक्षणलाई सहज रुपमा सम्पन्न गर्ने कार्यमा संघीय र प्रदेश सरकार तथा स्थानीय तह, अन्य सरोकारवाला निकाय एवं कार्यालयका सबै कर्मचारीहरुको सहयोग प्राप्त हुने विश्वास लिएको छु ।

भावपूर्ण श्रद्धाञ्जली
एवं
हार्दिक समवेदना



जन्म:
वि.सं.
२००३ बैशाख १५

स्वर्गारोहण:
वि.सं.
वि.सं.२०७७ आषाढ ११

स्व. हरिदेवी पन्थी

यस कार्यालयका निर्देशक श्री शंकरप्रसाद पन्थीकी ममतामयी आमा हरिदेवी पन्थीको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारप्रति हार्दिक एवं भावपूर्ण समवेदना प्रकट गर्दछौं । यस दुःखद घडीमा सबैमा धैर्यधारण गर्ने सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसँग प्रार्थना गर्दछौ ।

महालेखापरीक्षक टंकमणि शर्मा, दंगाल
तथा
महालेखापरीक्षकको कार्यालय परिवार

संघीय संसद प्रतिनिधि सभाका सभामुख र महालेखापरीक्षकबीच भेट



सम्माननीय सभामुखज्यू र माननीय महालेखापरीक्षकज्यूबीच भेटघाट पश्चात्को सामूहिक तस्बिर

१६ माघ, २०७६

संघीय संसद्, प्रतिनिधि सभाका सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटा र माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालबीच संघीय-संसद सचिवालय, सिंहदरबारमा भेटघाट सम्पन्न भयो ।

सो क्रममा सम्माननीय सभामुखज्यूबाट देशमा वित्तीय अनुशासन कायम गर्न महालेखापरीक्षकको कार्यालयको महत्वपूर्ण भूमिका रहने उल्लेख गर्दै प्रचलित कानूनी व्यवस्था अनुसार सार्वजनिक आर्थिक गतिविधि संचालन हुनुपर्ने र संघीय संसद, संवैधानिक अङ्गका कार्यहरु अन्य निकायका लागि उदाहरणीय हुनुपर्ने कुरामा जोड दिनुभयो । साथै उहाँले महालेखापरीक्षक र संघीय-संसद सचिवालयबीच सुमधुर सम्बन्ध, समन्वय र सहकार्य कायम गर्दै अगाडि बढ्नुपर्ने, संघीय संरचनामा महालेखापरीक्षकको कार्यसम्पादनको दायरा फराकिलो, आधुनिक र परिमार्जित गर्नुपर्ने बताउनुभएको थियो ।

सो अवसरमा माननीय महालेखापरीक्षकज्यूले कार्यालयको लेखापरीक्षण योजना, कार्यक्रम, लेखापरीक्षण विधि, लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोराहरु, लेखापरीक्षण प्रणालीका विद्यमान समस्याहरु उल्लेख गर्दै सुधारका कार्ययोजना सहित आवश्यक क्रियाकलाप अगाडि बढाइएको जानकारी गराउनु भएको थियो । त्यस क्रममा उहाँले नवनियुक्त सम्माननीय सभामुख श्री सापकोटालाई बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभएको थियो ।

भुटानका महालेखापरीक्षकबाट सहभागितात्मक कार्यमूलक लेखापरीक्षणको अवलोकन भ्रमण



काठमाडौँको दक्षिणकाली नगरपालिकामा सञ्चालित कार्यमूलक लेखापरीक्षणको स्थलगत अवलोकन गर्नुहुँदै भुटानका महालेखापरीक्षक लगायतका पदाधिकारीहरु

१७ माघ, २०७६

भुटानका माननीय महालेखापरीक्षक छिरिङ्ग केजाङ्गले दक्षिणकाली नगरपालिकामा नागरिक समाज संस्थाका प्रतिनिधिहरू सम्मिलित कार्यमूलक लेखापरीक्षणको अवलोकन भ्रमण गर्नु भएको छ ।

अवलोकन भ्रमणमा भुटानका महालेखापरीक्षक सहित चार सदस्यीय टोली सहभागी थिए । कार्यक्रममा नागरिक समाजका तर्फबाट फ्रिडम फोरम नेपाल, गो-गो फाउन्डेशन र जनकल्याण उद्धार केन्द्रबाट एक/एक, विश्व बैंक नेपालका दुई, परामर्शदाता संस्था Earnst & Young LLP बाट एक प्रतिनिधिहरु सहित दक्षिणकाली नगरपालिकाका नगरप्रमुख सहित जनप्रतिनिधि र कर्मचारीहरू तथा कार्यालयका कर्मचारीहरूको सहभागिता रहेको थियो ।

कार्यक्रममा लेखापरीक्षण सम्बन्धी संवैधानिक र कानूनी प्रावधान लेखापरीक्षणका प्रकार कार्यमूलक लेखापरीक्षणका विधि तथा प्रक्रिया, नागरिक समाजका प्रतिनिधिहरूको संलग्नतामा गरिने सहभागितात्मक कार्यमूलक लेखापरीक्षण लगायतका विषयमा नायब महालेखापरीक्षक श्री श्रीकुमार राईले, दक्षिणकाली नगरपालिकाको परिचय, विकास निर्माण र सेवा प्रवाह सम्बन्धी अवस्थाको बारेमा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री घनश्याम न्यौपानेले प्रस्तुतीकरण गर्नुभएको थियो ।

छलफलका क्रममा नागरिक समाजका प्रतिनिधि तथा नगरपालिकाका जनप्रतिनिधिहरूले आफनो मन्तव्य तथा जिज्ञासा राख्नुभयो । कार्यक्रममा उपस्थित सेवाग्राही तथा नागरिकहरूसँग दक्षिणकाली नगरपालिकाको सेवाप्रवाह, सञ्चालन तथा व्यवस्थापनसँग सम्बन्धित विभिन्न प्रश्नको आधारमा समूहगत छलफल गर्नुका साथै व्यक्तिगत अर्न्तवार्ता समेत लिइएको थियो ।

सो अवसरमा भुटानका माननीय महालेखापरीक्षक केजाङ्गले उक्त कार्यक्रममा सहभागी आमन्त्रण गर्नुभएकोमा दक्षिणकाली नगरपालिकालाई धन्यवाद ज्ञापन गर्नुभयो । साथै यस्तो खालको नागरिक सहभागितामा गरिने कार्यमूलक लेखापरीक्षण भुटानको लागि नयाँ भएकोले सोको विधि, प्रक्रिया र तरिका सम्बन्धमा स्थलगतरूपमा अवलोकन गर्ने अवसर उपलब्ध गराइदिएकोमा नेपालका महालेखापरीक्षक र कार्यालयका कर्मचारीहरूप्रति पनि धन्यवाद ज्ञापन गर्नुभयो ।

नगर प्रमुख श्री मोहन बस्नेतले नगरपालिकाको सेवाप्रवाह,सञ्चालन तथा व्यवस्थापन विषयमा मन्तव्य व्यक्त गर्नुहुँदै आगामी दिनमा यसलाई अझै सुधारिदै लैजान प्रतिबद्ध रहेको बताउनुभयो । साथै सुशासन र पारदर्शिताको लागि वित्तीय लेखापरीक्षणको अतिरिक्त नागरिक संस्थाहरूको सहभागितामा कार्यमूलक लेखापरीक्षणको लागि दक्षिणकाली नगरपालिकालाई छनौट गरेकोमा महालेखापरीक्षकको कार्यालयप्रति आभार व्यक्त गर्नुभयो ।

नेपाल र भुटानका महालेखापरीक्षकबीच भेटघाट तथा अन्तर्क्रिया



माननीय महालेखापरीक्षकज्यू र भुटानका माननीय महालेखापरीक्षकबीच भेटघाट पश्चात्को सामूहिक तस्विर

२१ माघ, २०७६

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूसँग भुटानका महालेखापरीक्षक श्री छिरिङ केजाङ सहितको टोलीले महालेखापरीक्षकको कार्यालयमा भेटघाट गरेको छ । माननीय महालेखापरीक्षकज्यूको निमन्त्रणामा Royal Audit Authority का Assistant Auditor General Karma Jambayyang, Audit Officer Pema Wangda, Sangay Dechen, Ugyen Tshomo, Ugyen Norbu सहितको ६ सदस्यीय टोलीले नेपाल भ्रमण गरेको थियो ।

उक्त अवसरमा माननीय महालेखापरीक्षकज्यूको उपस्थितिमा भुटानका महालेखापरीक्षक श्री केजाङ सहितको टोली र कार्यालयका पदाधिकारीबीच अन्तर्क्रिया कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा माननीय महालेखापरीक्षकज्यूले लेखापरीक्षण प्रणालीको सम्पूर्ण चरणमा नागरिक समाजको सहभागिता कायम गर्न सकेमा पारदर्शिता, जवाफदेहिता र प्रभावकारिता अभिवृद्धि भई जनमानसमा लेखापरीक्षणप्रति विश्वसनीयता हासिल गर्न सकिने बताउनुभयो । आफ्नो निमन्त्रणा स्वीकार गरी नेपाल भ्रमणका लागि आउनुभएकोमा भ्रमण टोलीलाई धन्यवाद ज्ञापन गर्नु भयो ।

सोही कार्यक्रममा भुटानका माननीय महालेखापरीक्षकले नागरिक समाजको सहभागितामा गरिने लेखापरीक्षणमा नेपालले उल्लेख्य प्रगति गरेकोले सो अवधारणा भुटानमा समेत कार्यान्वयन गर्न थालिएको सन्दर्भमा भ्रमण उपलब्धिमूलक हुने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा "लेखापरीक्षणमा नागरिक समाजको सहभागिता" विषयमा कार्यालयका उप-महालेखापरीक्षक श्री रामुप्रसाद डोटेलले प्रस्तुतीकरण गर्नुभएको थियो । सो क्रममा उप-महालेखापरीक्षक श्री डोटेलले लेखापरीक्षणमा नागरिक समाजको सहभागिताको क्षेत्र, इन्टोसाईको मानदण्ड, औचित्य, रणनीति, चुनौती, भावी योजनाहरु र नेपालमा यसको अनुभव सम्बन्धमा चर्चा गर्नुभएको थियो । सो क्रममा यस वर्ष २४ जिल्लाका विभिन्न २४ संस्थाहरु मार्फत नागरिक समाजका १०० जना भन्दा बढी प्रतिनिधि कार्यमूलक लेखापरीक्षण प्रक्रियामा सहभागी भइरहेको र यसबाट सम्बन्धित निकायको पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्व अभिवृद्धि गर्न सघाउ पुग्ने तथा लेखापरीक्षणमा जनविश्वास अभिवृद्धि हुने कार्यालयको अपेक्षा रहेको बताउनुभयो ।

त्यसैगरी भुटानको सर्वोच्च लेखापरीक्षण संस्था Royal Audit Authority का Assistasnt Auditor General Karma Jambayyang ले "वित्तीय, कार्यमूलक र कानून परिपालनाको विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो । उक्त लेखापरीक्षणबारेमा इन्टोसाइको मानदण्ड, भुटानको सर्वोच्च लेखापरीक्षण संस्थाले अवलम्वन गरेको सिद्धान्त, कानूनी व्यवस्था, लेखापरीक्षण प्रणाली, लेखापरीक्षणको उद्देश्य, जोखिमका क्षेत्र बारेमा प्रकाश पार्नुभएको थियो । सो अवसरमा दुई देशका सर्वोच्च लेखापरीक्षण संस्थाबीच द्विपक्षीय हित, अनुभव आदानप्रदान र सहयोगका सम्बन्धमा समेत छलफल भएको थियो ।

लेखापरीक्षण सल्लाहकार समितिको बैठक सम्पन्न



लेखापरीक्षण सल्लाहकार समितिको बैठकमा सहभागी पदाधिकारीहरु

२२ फाल्गुन, २०७६

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूको संयोजकत्वमा लेखापरीक्षण सल्लाहकार समितिको बैठक महालेखापरीक्षकको कार्यालय, बबरमहलमा सम्पन्न भयो। उक्त बैठकमा लेखापरीक्षणमा गर्नुपर्ने सुधार, महालेखापरीक्षकको ५७ औँ वार्षिक प्रतिवेदन, प्रदेशगत प्रतिवेदन तथा स्थानीय तहको प्रतिवेदनमा समावेश गर्ने विषय, प्रदेशस्तरमा कार्यालयको विस्तार, आर्थिक प्रशासन र लेखापरीक्षणसँग सम्बन्धित कानून एवं यसमा गर्नुपर्ने सुधार लगायतका विषयमा छलफल भएको थियो।

बैठकमा सल्लाहकार समितिका पदाधिकारीहरूले आ-आफ्नो धारणा व्यक्त गर्नुहुँदै, कार्यालयले विगतदेखि नै प्रतिवेदनमा औल्याउँदै आएका विषयवस्तुहरु बजेट तथा खर्चको आङ्कलन, खर्च व्यवस्थापन, आयोजना व्यवस्थापन,सार्वजनिक खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको उपयोग र संरक्षण, सेवा प्रवाह, वित्तीय उत्तरदायित्वको पालना, सूचना प्रविधिको उपयोग, प्रदेश तथा स्थानीय तहको वित्तीय व्यवस्थापन लगायतको क्षेत्रमा लेखापरीक्षणले विशेष ध्यान दिनुपर्ने बताउनु भएको थियो। उहाँहरुले आगामी दिनमा लेखापरीक्षणलाई विद्युतीय माध्यममा रुपान्तरण गर्नुपर्ने लगायतका विषयमा सुझाव दिनुभएको थियो। त्यसैगरी समितिका सदस्यहरूले प्रतिवेदनको गुणस्तरमा सुधार गर्दै जोखिममा आधारित लेखापरीक्षण एवं कार्यमूलक लेखापरीक्षणतर्फ विशेष ध्यान दिन, बेरुजुको सैद्धान्तिक र लगती वर्गीकरणको स्पष्ट मानदण्ड निर्धारण गर्न तथा सरोकारवाला निकायहरुलाई लेखापरीक्षण र अनुसन्धानबीचको फरक बुझाउनुपर्नेतर्फ थप ध्यान दिनुपर्ने बताउनु भएको थियो।

सो अवसरमा माननीय महालेखापरीक्षकज्यूले आर्थिक वर्ष २०७५/७६ को स्थलगत लेखापरीक्षण अन्तिम चरणमा पुगेको जानकारी गराउनुहुँदै सल्लाहकार समितिका पदाधिकारीहरूबाट प्रस्तुत सुझावलाई वार्षिक प्रतिवेदन तयारीका क्रममा मार्गदर्शनको रुपमा लिईने उल्लेख गर्नुभयो। साथै कार्यालयबाट सम्पादन गरिने लेखापरीक्षण लगायतका अन्य काम कारवाही सम्बन्धमा निरन्तर सुधार गरी कार्यालयको प्रभावकारिता अभिवृद्धि गर्न आवश्यक सल्लाह तथा सुझाव प्रदान गर्नुभएकोमा सल्लाहकार समितिप्रति हार्दिक आभार व्यक्त गर्नुभयो।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको दीक्षान्त समारोहमा महालेखापरीक्षकको सहभागिता



नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाको दीक्षान्त समारोहमा सहभागी हुनुहुँदै माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगाल सहितका पदाधिकारीहरु

१७ माघ, २०७६

नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाको २३ औं वार्षिकोत्सव तथा दोस्रो चार्टर्ड एकाउन्टेन्टस् दीक्षान्त समारोहलाई सम्बोधन गर्दै माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालले चार्टर्ड एकाउन्टेन्टसहरुले इमान्दारिता र नैतिकताका साथ लेखापरीक्षण कार्य गर्नुपर्ने बताउनुभयो। महालेखापरीक्षक श्री शर्माले लेखापरीक्षकहरुको भूमिकाले कुनैपनि संस्थाको कारोबारलाई स्वच्छ बनाउने भन्दै इमान्दार, नैतिकवान भएर काम गर्न आग्रह गर्नुभयो ।

उहाँले लेखापरीक्षकले अरुले गरेको हिसाब किताबलाई अध्ययन गरी, विश्लेषण गरी अन्तिम नतिजा दिनुपर्ने भएकाले लेखापरीक्षकहरु बढी अध्ययनशील र लगनशील हुनुपर्ने बताउनुभयो । उहाँले कारोबारमा अनियमितता भए नभएको पत्ता लगाउन सक्ने क्षमताको विकास गर्न पनि चार्टर्ड एकाउन्टेन्सहरुले अध्ययनलाई निरन्तरता दिन सुझाव दिनुभयो। कार्यक्रममा नेपालको चार्टर्ड एकाउन्टेन्स संस्थामा थपिएका ८२ जना नयाँ सदस्यहरुलाई दीक्षित गराइएको थियो ।

२ फागुन, २०७६

माननीय महालेखापरीक्षकसँग एसीसीए ग्लोबलका प्रतिनिधिको भेट

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूसँग Association of Chartered Certified Accountants (ACCA) Global का Emerging Market Director Magdalena Krupa-Hernandez ले भेटघाट गर्नुभयो ।

सो अवसरमा माननीय महालेखापरीक्षकज्यूले जनहितका लागि लेखा व्यवसायलाई निष्ठामा आधारित बनाउन आवश्यक रहेको उल्लेख गर्दै लेखा व्यवसायको विकासमा ACCA ले महत्वपूर्ण भूमिका निर्वाह गरेको उल्लेख गर्नुभयो । Director Magdalena ले ACCA को सञ्जाल १८० भन्दा बढी देशमा विस्तार भएको तथा यसले मान्यता प्राप्त व्यवहारिक विषयको अध्यापनमार्फत् लेखा व्यवसायको दक्षता र क्षमता अभिवृद्धि गरिरहेको बताउनु भयो ।

२९ जेष्ठ,२०७७

प्राविधिक समिति गठन

महालेखापरीक्षकको वार्षिक प्रतिवेदनको भविष्यमा गर्नुपर्ने सुधार खण्डमा समावेश गर्ने प्रयोजनका लागि आवश्यक अध्ययन गरी सुझाव पेश गन एक प्राविधिक समिति गठन गरिएको छ ।

प्राविधिक समितिले समग्र नीतिगत विषयमा गर्नुपर्ने सुधार, संघीय संरचनामा वित्त व्यवस्थापनमा गर्नुपर्ने सुधार, नियमनकारी निकायहरुको नियमन प्रभावकारिता, कोभिड-१९ को प्रभाव अध्ययन र सार्वजनिक संस्थानहरुको व्यवस्थापनमा गर्नुपर्ने सुधारका विषयमा माननीय महालेखापरीक्षकज्यूसमक्ष सुझाव प्रस्तुत गरेको छ ।

२५ चैत्र, २०७६

कोरोना नियन्त्रण तथा उपचार कोषमा सहयोग

महालेखापरीक्षकको कार्यालयले नेपाल सरकारले स्थापना गरेको कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषमा रु.२४,३४,६८६।०० (अक्षरेपी चौबीस लाख चौतीस हजार छ सय छयासी) सहयोग गरेको छ ।

उक्त कोषमा माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूले १५ दिनको तलब सहयोग गर्नुभएको छ । कोषमा उपमहालेखापरीक्षक, नायब महालेखापरीक्षक निर्देशक रु.६,७३० का दरले रकम सङ्कलन गरिएको थियो । त्यसैगरी उक्त कोषमा लेखापरीक्षण अधिकारी, लेखापरीक्षण अधीक्षक, लेखापरीक्षण निरीक्षक, हलुका सवारी चालक र कार्यालय सहयोगीहरुबाट तोकिए बमोजिमको तलब कोषमा जम्मा गरिएको थियो ।

माननीय महालेखापरीक्षकज्यूको तीन वर्ष कार्यअवधि पुरा भएको सन्दर्भमा कार्यालयका कर्मचारीहरूलाई दिनुभएको सन्देश

जेष्ठ ८, २०७७

आज २०७७ साल जेष्ठ ८ गते । २०७४ साल जेष्ठ ८ गते आजकै दिन नेपालको संविधान बमोजिम सम्माननीय राष्ट्रपतिज्यूबाट नेपालको महालेखापरीक्षकमा नियुक्ति भई मैले कार्यभार सम्हालेको दिन हो । नेपालको महालेखापरीक्षकको छ बर्षको कार्यकाल मध्ये आज मेरो तीन बर्ष व्यतित भई चौथो बर्ष प्रवेश गरेको छ । यस अवधिमा मलाई महालेखापरीक्षकको कर्तव्य निर्वाह गर्नको लागि अहोरात्र खटीइ तोकिएको जिम्मेवारी पूरा गर्ने कार्यालयका उप-महालेखापरीक्षकहरु, नायव-महालेखापरीक्षकहरु, निर्देशकहरु, लेखापरीक्षण अधिकारीहरु लगायत सबै कर्मचारी वर्गमा तपाईहरुको सहयोग, सद्भाव, सुझाव र सहकार्यको उच्च कदर गर्दै हार्दिक धन्यवाद दिन चाहन्छु । साथै आगामी दिनहरुमा पनि सदा झै सहयोगको अपेक्षा लिएको छु ।

महालेखापरीक्षकको कार्यालयले सुशासन कायम गर्ने सन्दर्भमा जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रबर्द्धन गर्ने विश्वसनिय संस्था हुन प्रयत्नशील रहने दुरदृष्टि र सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने गन्तव्य लिएर अगाडि बढेको छ । स्थापनाकाल देखिनै महालेखापरीक्षकको कार्यालयले सार्वजनिक क्षेत्रमा जिम्मेवारी र जवाफदेहिता अभिवृद्धि गर्दै आर्थिक अनुशासन कायम गराउन महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ ।

मेरो यो तीन बर्षको कार्यकालमा समेत महालेखापरीक्षकको कार्यालयले निष्पक्ष एवं स्वतन्त्रपूर्वक कार्यसम्पादन गरी सार्वजनिक श्रोत र साधनको मितव्ययी, दक्ष र प्रभावकारी उपयोगको लागि यथेष्ट प्रयास गरेको छ । यस अवधिमा कार्यालयले सार्वजनिक रुपमा स्पष्ट पहिचान सहितको उपस्थिति जनाउदै थप उचाई र प्रतिष्ठा अभिवृद्धि गरेको छ । यस संगै हामी पनि अझबढी चनाखो र क्रियाशिल हुनुपर्दछ भन्ने मलाई लागेको छ ।

नेपालको महालेखापरीक्षकले स्वदेशमा मात्र होइन, क्षेत्रीय र अन्तर्राष्ट्रियस्तरमा समेत सम्मानजनक उपस्थिति र पहिचान बनाएको छ । नेपाल, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन र एशियाली सर्वोच्च लेखापरीक्षण संस्थाहरुको संगठनको सदस्य रही आएको छ । त्यसैगरी नेपाल एसियाली सर्वोच्च लेखापरीक्षण संस्थाहरुको संगठनको गभर्निङ्ग बोर्डको सदस्य रहेको छ । अन्तर्राष्ट्रिय सम्बन्धमा भएको विस्तारसँगै नेपालले अन्तर्राष्ट्रियस्तरका कार्यक्रमहरु समेत आयोजना गर्ने अवसर प्राप्त गरिरहेको छ । अन्तर्राष्ट्रिय र क्षेत्रीयस्तरका कार्यक्रममा नेपालको सक्रिय सहभागिता बढ्दै गएको छ । भविष्यमा समेत यस लाई निरन्तरता कायम राख्न जरुरी छ ।

यो तीन बर्षको अवधिमा के काम गरियो र के उपलब्धि हासिल भयो ? भन्ने विवरण म यहाँ उल्लेख गर्दिन । यसमा तपाईहरु सबै जानकार नै हुनुहुन्छ । यति मात्र भनौ की मैले आफ्नो कार्यभार सम्हाल्ना साथ महालेखापरीक्षकको छ बर्षे कार्ययोजना सार्वजनिक गरेको थिएं । त्यो कार्ययोजना अनुसार संगठन व्यवस्था र कार्यप्रणालीमा सुधार, जनशक्ति र भौतिक व्यवस्था, लेखापरीक्षण प्रकृया , प्रणाली र गुणस्तरमा सुधार, नीतिगत तथा कानूनी सुधार, वित्तिय अनुशासन तथा जवाफदेहितामा सुधार, संस्थागत सम्बन्ध तथा सन्चार र अन्तर्राष्ट्रिय सम्बन्ध लगायतका विषयमा सन्तोषजनक ढंगले उपलब्धी भएका छन् । यस अवधिमा सम्पादित प्रमुख कार्यहरुको छुट्टै विवरण वेभसाईटमा राखिएकोछ ।

यो तीन बर्षको अवधीमा मैले नेपालको संविधान बमोजिम सम्माननीय राष्ट्रपतिज्यू समक्ष दुईवटा बार्षिक प्रतिवेदन प्रस्तुत गरिसकेको छु । मेरो कार्यकालको तेश्रो बार्षिक प्रतिवेदन, २०७६ चैत्र मसान्तमा पेश गर्ने हाम्रो योजना र कार्यतालिका रहेको थियो । यसबारेमा तपाईहरु सबैलाई विदितै छ । तर दुर्भाग्यवस कोरोना भाईरस कोभिड-१९ को विश्वव्यापी प्रकोपको कारण नेपालमा पनि २०७६ चैत्र ११ गते देखि लकडाउन हुन पुग्यो । प्रतिवेदन तयारीको काम अन्तिम अवस्थामा पुगेको भएपनि बिचैमा स्थगित गर्नु परेको अवस्था छ ।

महालेखापरीक्षकको ५७ औं बार्षिक प्रतिवेदन तथा प्रदेश र स्थानीय तहहरुको प्रतिबेदन यथाशिघ्र पेश गर्ने सन्दर्भमा विद्युतिय माध्यमबाट हुन सक्ने जति काम हामी अहिले भर्चुअल बैठकका माध्यमबाट सम्पादन गरिरहेका छौं । यस जटिल परिस्थितिमा भौतिक रुपमा उपस्थित भई कार्य गर्ने सम्भावना न्यून भएकाले विद्युतिय माध्यमबाटै काम गरी सकभर छिटो

प्रतिवेदन पेश गर्ने हाम्रो प्रयत्न जारी रहेको छ। यसमा सदाझै तपाईहरुको सहयोग र समन्वयको अपेक्षा गरेको छु।

महालेखापरीक्षकको कार्यालयको सार्वजनिक रुपमा उपस्थिति, पहिचान र प्रतिष्ठा अभिवृद्धि भईरहँदा चूनौतीहरु पनि थपिएका छन् । हामीसँग उपलब्ध सीमित मानवीय तथा भौतिक क्षमताबाट सार्वजनिक क्षेत्रको आर्थिक कारोबारमा भएको वृद्धि, वर्तमान आर्थिक अनुशासन पालनाको अवस्था, सूचना प्रविधीमा भएको विकास र यसले पारेको प्रभाव, वित्तिय कारोबारको प्रवृति, प्रकृति र लेखांकनमा आएको परिवर्तन, कोरोना भाईरसको महामारी जस्ता विपद् र आपतकालीन घटनाहरुको वृद्धि, जलवायु परिवर्तन तथा त्यसको प्रभाव, दीगो विकासको लक्ष्यको प्राप्ति र विकास प्रशासन संचालनमा आएको विविधता जस्ता विषयहरु समेटी संघ, प्रदेश र स्थानीय तहको गुणस्तरीय लेखापरीक्षणको जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्न हामीलाई चूनौतीपूर्ण बन्दै गएको छ। बिगतका अवधीमा पनि हामीले माथि उल्लेख भएजस्तै चूनौतीहरु पार गर्दै आएका हौं। आगामी दिनहरुमा हाम्रो जनशक्तिको क्षमता बिकास, पर्याप्त भौतिक पूर्वाधारको व्यवस्था र नविनतम प्रविधीको प्रयोगद्धारा बिद्यमान कार्यप्रणालीमा व्यापक सुधारका जस्ता रणनीतिले यस्ता चूनौती सामना गर्न सकिने मेरो बिश्वास रहेको छ।

देशको सर्वोच्च लेखापरीक्षण संस्थामा काम गर्न पाउनु तपाई हाम्रो लागि गौरवको विषय हो । तपाईहरु सार्वजनिक वित्तीय प्रशासन र सरकारी लेखापरीक्षणको बारेमा अनुभवी र विज्ञ हुनुहुन्छ । यस संस्थाको काम अरुले गरेको गल्ती कमजोरी पत्ता लगाउने र आर्थिक व्यवहारमा देखिएका त्रुटी सच्याउन सुझावहरु दिने भएकाले निश्चयपनि चुनौतीपूर्ण रहेको छ। यसको लागि आफुमा समेत सीप, क्षमता, लगनशीलता, इमान्दारिता र विश्वसनीयताको उतिकै खाँचो पर्दछ। हाम्रो पेशागत व्यवहार र हामीले गरेको काममा कुनै खोट देखिनु हुदैंन। हाम्रा कर्मचारीको काम र आचरणमा कही कतैबाट पनि प्रश्न उठ्यो भने संस्थाको बिश्वसनियता माथि आंच आउछ। यो विषय मैले आफ्नो जिम्मेवारी सम्हालेकै दिनबाट तपाईहरु समक्ष राख्दै आएको छु। आफ्नो र संस्थाको विश्वसनियता अभिवृद्धि गर्न हाम्रा मूल्य र मान्यताहरुमा सम्झौता नगरी तोकिएको आचारसंहिताको पूर्णपालना गर्नमा सबैको ध्यानाकर्षण हुनेछ भन्ने मेरो अपेक्षा पुनः दोहोर्‍याउन चाहान्छु।

मैले आफ्नो छ बर्षे कार्ययोजनामा समेत महालेखापरीक्षकको कार्यालयबाट सम्पादित लेखापरीक्षण कार्यको गुणस्तर र प्रभावकारिता वृद्धि भई सर्वोच्च लेखापरीक्षण संस्थाको विश्वसनीयता र अन्तर्राष्ट्रिय साख अभिवृद्धि गर्न मद्दत पुग्ने अपेक्षा राखेको थिए। अहिले तीन बर्ष पछि समिक्षा गर्दाको अवस्था सन्तोषजनक रहेको छ। आगामी दिनमा पनि हामीलाई उपलब्ध श्रोत साधनको अधिकतम् प्रयोग गरी कार्य सम्पादन गरेमा हामी अवश्य पनि सफल हुनेछौं भन्ने मेरो विश्वास रहेकोछ।

म नेपाल सरकारको सेवामा लामो समय काम गरेर यस जिम्मेवारीमा आएको हुँ । मलाई यो जिम्मेवारी प्राप्त भई तपाईहरुसँग सहकार्य गर्न पाएकोमा अत्यन्त खुसी लागेको छ । म यो जिम्मेवारी सम्हाल्न आउँदा जुन उत्त्साह, जाँगर र हौसलाका साथ आएको थिएँ, आज तीन बर्ष व्यतित हुँदै गर्दा तपाईहरुको सद्भाव र सहयोगले मेरो उत्साह, जोश, जाँगर र हौसलामा कुनै कमी आएको छैन। अझ मलाई मेरो बाँकी कार्यकाल सफलतापूर्वक निर्वाह गर्न सक्ने छु भन्ने आँट र भरोसा थपिएको छ।

यो तीन बर्षको अवधीमा मेरो कार्यसम्पादनमा मलाई सहयोग,सल्लाह र सुझाव प्रदान गर्नु हुने कार्यालयका सबै कर्मचारी मित्रहरु, विभिन्न निकायका पदाधिकारीहरु, आम संचारकर्मी र लेखापरीक्षण सल्लाहकार समिति लगायत सबै सहयोगी महानुभावहरुमा आभार व्यक्त गर्दै आगामी दिनमा समेत सहयोगको अपेक्षा गरेको छु।

अन्तमा, हामी अहिले कोरोना भाइरस कोभिड -१९ को महामारीको चपेटामा छौं। हामी सबै घरैमा बसी यस महामारीलाई परास्त गर्न प्रयत्नशील छौं । यस विषम परिस्थितिमा तपाई र तपाईको परिवारको सुस्वास्थ्य र उत्तरोत्तर प्रगतीको कामना गर्दछु। धन्यवाद ॥

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालयको ६२ औं वार्षिकोत्सवको अवसरमा कार्यालयका कर्मचारीहरूलाई माननीय महालेखापरीक्षकज्यूले दिनुभएको शुभकामना सन्देश

आषाढ १५, २०७७

आज मिति **२०७७ साल आषाढ महिनाको १५** गते महालेखापरीक्षकको कार्यालयको स्थापना भएको ६१ औं बर्ष पुरा भई ६२ औं बर्षमा प्रवेश गरेको दिन । आज महालेखापरीक्षकको कार्यालयको **६२औं वार्षिकोत्सवको** अवसरमा यस कार्यालयका उप-महालेखापरीक्षकहरु, नायव-महालेखापरीक्षकहरु, निर्देशकहरु, लेखापरीक्षण अधिकारीहरु लगायत सबै कर्मचारी वर्गमा हार्दिक शुभकामना व्यक्त गर्दछु । साथै यस संस्थालाई आजको स्थानमा पुऱ्याउन योगदान गर्नुहुने पूर्व महालेखापरीक्षकज्यूहरु लगायत संस्थामा हाल कार्यरत तथा पूर्व कर्मचारीहरु, विभिन्न निकायका पदाधिकारीहरु, आम संचारकर्मी र लेखापरीक्षण सल्लाहकार समिति लगायत सबै सहयोगी महानुभावहरुमा समेत उहाँहरुको योगदानको कदर स्वरुप सम्मान प्रकट गर्दै हार्दिक आभार व्यक्त गर्दछु ।

गत विगत बर्षहरुमा सम्माननीय राष्ट्रपतिज्यू लगायत मुलुकका विशिष्ट अतिथिहरुको उपस्थितिमा कार्यालयको बार्षिकोत्सव भव्य रुपमा मनाउने गरिएको थियो । यस बर्ष कोभिड-१९ को विश्वव्यापी महामारीको विषम् परिस्थितिमा कार्यालयको ६२ औं वार्षिकोत्सव भौतिकरुपम ।उपस्थित भई आयोजना गर्न सम्भव भएन । तसर्थ महालेखापरीक्षकको कार्यालयको ६२ औं बार्षिकोत्सवको अवसरमा यो सन्देशको माध्यमबाट नै यहाँहरु सबैलाई हार्दिक शुभकामना दिन चाहन्छु। महालेखापरीक्षकको कार्यालयलाई आगामी दिनमा अझ बढी गतिशील, सक्षम र प्रभावकारी बनाउन कार्यालयमा कार्यरत सम्पूर्ण कर्मचारी लगायत सम्बद्ध सबै पक्षको योगदानको अपेक्षा गर्दै यस कार्यालयसँग आबद्ध सम्पूर्ण कर्मचारीहरुको उत्तरोत्तर प्रगतिको कामना व्यक्त गर्न चाहन्छु ।

महालेखापरीक्षकको कार्यालयले सुशासन कायम गर्ने सन्दर्भमा जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रबर्द्धन गर्ने विश्वसनिय संस्था हुन प्रयत्नशील रहने दुरदृष्टि र सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने गन्तव्य निर्धारण गरी सोको प्राप्तिमा अग्रसर हुँदै आएको छ । वि. स.२०१६ सालमा महालेखापरीक्षकको कार्यालयको स्थापना भएपश्चात् स्थापनाकाल देखि नै कार्यालयले सार्वजनिक क्षेत्रमा जिम्मेवारी र जवाफदेहिता अभिवृद्धि गर्दै आर्थिक अनुशासन कायम गराउन महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । कार्यालयले पछिल्ला दिनहरुमा सार्वजनिक रुपमा स्पष्ट पहिचान सहितको उपस्थिति जनाउँदै थप उचाई र प्रतिष्ठा अभिवृद्धि गरेको छ । यस सन्दर्भमा कर्मचारी मित्रहरुबाट प्राप्त योगदानका लागि यहाँहरु सबैमा हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

महालेखापरीक्षकको कार्यालयले विगत देखि नै विभिन्न नीति, योजना तथा कार्यक्रमको अतिरिक्त ६ बर्षे कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ । उक्त कार्ययोजनाको प्रथम तीन बर्षको अवधिमा नीतिगत, कानूनी, भौतिक प्रबन्ध, संस्थागत तथा जनशक्ति विकास, अर्न्तराष्ट्रिय सम्बन्ध विकास, संसदीय समितिहरु र सार्वजनिक निकायहरुसँग समन्वय लगायतका क्षेत्रमा सुधारका लागि धेरै प्रयासहरु गरिएको छ । यस अवधिमा भएका कार्यको विस्तृत विवरण मेरो २०७७ जेठ ८ गतेको सन्देशमा उल्लेख गरिएको छ । यो अवधिमा नेपालको संविधान बमोजिम सम्माननीय राष्ट्रपतिज्यूसमक्ष महालेखापरीक्षकको ५५ औं र ५६ औं बार्षिक प्रतिवेदन प्रस्तुत गरिएको छ । आर्थिक बर्ष २०७४/०७५ को प्रदेश सरकार तथा मातहतका निकायको लेखापरीक्षण सम्पन्न गरी प्रदेश प्रमुखज्यूहरु समक्ष प्रदेशगत बार्षिक प्रतिवेदन समेत पेश गरिएको छ भने स्थानीयतहको छुट्टाछुट्टै लेखापरीक्षण प्रतिवेदनहरु समेत जारी गरिएको छ ।

कोरोना भाइरसको विश्वव्यापी महामारीका कारण सिर्जना भएको असहज परिस्थिति एवम् मुलुकभर भएको लकडाउनको कारण महालेखापरीक्षकको ५७ औं बार्षिक प्रतिवेदन तथा प्रदेश र स्थानीयतहहरुको बार्षिक प्रतिवेदन पूर्वनिर्धारित कार्यतालिका अनुसार प्रस्तुत गर्न सकिएको छैन । लकडाउनको अवधिमा प्रतिवेदन तयारीका लागि विद्युतिय माध्यमबाट हुन सक्ने जति काम हामीले सम्पादन गरेका थियौं र हाल केही सहज परिस्थिति निर्माण भएका कारण अत्यावश्यक सामाजिक दूरी तथा सावधानी अपनाउँदै कार्यालयबाटै कार्यसम्पादन भईरहेको छ । ५७ औं बार्षिक प्रतिवेदन तथा प्रदेशगत प्रतिवेदन एवम् स्थानीयतहहरुको प्रतिवेदन समेत तयारीको अन्तिम चरणमा रहेकोले २०७७ आषाढ मसान्तभित्र नेपालको संविधान तथा प्रचलित कानून बमोजिम प्रतिवेदनहरु पेश गर्ने कार्ययोजना रहेको छ । यस कार्यमा सबै कर्मचारी मित्रहरुको सहयोग र सक्रिय सहभागिता रहने अपेक्षा गरेको छु ।

लेखापरीक्षणको गुणस्तर र विश्वसनियता अभिवृद्धि गर्दै नतिजामूलक बनाउनकार्यमूलक, सूचनाप्रविधि, विषयगत, विशेष तथा अन्य विविध लेखापरीक्षणलाई समेत प्राथमिकताका साथ कार्यान्वयन गरिदैं आईएको छ । हाल महालेखापरीक्षकको कार्यालयको संस्थागत तथा संरचनागत सुदृढिकरणका लागि विश्व बैंकको सहयोगमा संचालित आयोजना शुरुवाती चरणमा

रहेको छ । यस आयोजनामा लेखापरीक्षणको गुणस्तर सुधार गरी यसको प्रभाव बढाउने तथा लेखापरीक्षण कार्यलाई सहज, सरल, विश्वसनीय एवं अन्तर्राष्ट्रियस्तरको बनाउन Nepal Audit Management System (NAMS) को सुदृढिकरण र विकास, कर्मचारीको क्षमता अभिवृद्धि र लेखापरीक्षणमा नागरिक सहभागिता लगायतका क्रियाकलापहरु समावेश गरिएका छन् ।

महालेखापरीक्षकबाट प्रस्तुत हुने संघीय र प्रदेशगत बार्षिक प्रतिवेदन तथा स्थानीयतहका जारी गरिने लेखापरीक्षण प्रतिवेदनहरुको तयारी सँगसँगै आगामी बर्षको लेखापरीक्षण योजना बनाउने कार्यको समेत प्रारम्भ गरिएको छ । हामीसँग उपलब्ध सिमित मानवीय तथा भौतिक क्षमताबाट विश्वव्यापी रुपमा फैलिएको कोरोना महामारीको विषम परिस्थितिमा आगामी दिनमा कुशलतापूर्वक संघ, प्रदेश र स्थानीयतहको गुणस्तरीय लेखापरीक्षण कार्य सम्पादन गर्नु हामी सबैको चूनौतीको विषय बनेको छ । कोरोना महामारीको विषम परिस्थिति मध्यनजर गर्दा आगामी लेखापरीक्षण कार्यमा आवश्यक सामाजिक दुरी सहितको उच्च स्वास्थ्य सतर्कता र सावधानीसमेत अपनाउनु पर्ने हुन्छ । यसको लागि अधिकाधिक रुपमा सूचना प्रविधिको प्रयोग गर्दै दूर लेखापरीक्षण (Remote Audit) को माध्यमबाट लेखापरीक्षणको कार्य सम्पादन गर्नुपर्ने बाध्यात्मक परिस्थितिको सिर्जना हुने देखिएको छ ।

अहिले विश्वव्यापी रुपमै कोरोना महामारी पश्चात्को लेखापरीक्षणको विधि र प्रक्रियाको सन्दर्भमा अध्ययन, अनुसन्धान र विश्लेषणहरु भईरहेका छन् । हामी पनि अबको हाम्रो लेखापरीक्षणको विधि र प्रकृया कस्तो हुने भन्ने सम्बन्धमा विज्ञ समूहहरु समेत गठन गरी अध्ययनरत छौं । हामीले अन्य मुलुकहरुले अवलम्बन गर्ने असल अभ्यास र नविनतम् प्रक्रियाहरु खोज र अध्ययन गर्दै, हाम्रो आफ्नै विशिष्ट परिस्थिति समेतको मुल्यांकन गरी लेखापरीक्षण निर्देशिका र मापदण्डहरु परिमार्जन गर्नु जरुरी छ । आगामी दिनहरुमा हाम्रो जनशक्तिको क्षमता विकास, पर्याप्त भौतिक पूर्वाधारको व्यवस्था र नविनतम् प्रविधिको प्रयोगद्वारा विद्यमान कार्यप्रणालीमा व्यापक सुधारका रणनीतिले मात्र यस्ता चूनौती सामना गर्न सकिने मेरो विश्वास रहेको छ । यसका लागि सबै कर्मचारीहरुमा सूचना प्रविधि सम्बन्धी सीप अपरिहार्य भएकोले आफ्नो क्षमता अभिवृद्धिका लागि समेत आग्रह गर्दछु ।

सम्माननीय राष्ट्रपतिज्यूबाट मिति २०७४ मंसिर १८ गते शिलन्यास भएको अनामनगर स्थित कार्यालय भवन निर्माण कार्य अन्तिम चरणमा पुगिसकेको अवस्थामा कोरोना महामारीको कारणले निर्माण कार्य सम्पन्न गर्न केही समय ढिला हुने भएको छ । हाल बबरमहल, पुल्चोक, ताहाचाल र अनामनगरका दुई स्थान सहित पाँच स्थानबाट कार्यालय संचालन भईरहेको अवस्थामा कार्यालयमा सामाजिक दुरी कायम गर्दै सुरक्षित कार्य वातावरण निर्माणका लागि डिल्लीबजारमा थप एउटा घर भाडामा लिई कार्य संचालन गर्न थालिएको छ । वर्तमान जटिल परिस्थितिमा सबै कर्मचारीले उपलब्ध श्रोत र साधनको अधिकतम् उपयोग गर्दै सामाजिक दुरी लगायतका स्वास्थ्य सम्बन्धी मापदण्डहरुको पालना गरी कार्यसम्पादन गर्न आग्रह गर्दछु ।

कार्यालयको तर्फबाट आवश्यक कार्य वातावरण निर्माण गर्न र कर्मचारीका समस्या तथा गुनासा सम्बोधन गर्न अधिकतम् प्रयास गरिएको छ भने यस कार्यलाई आगामी दिनहरुमा समेत निरन्तरता दिईने छ । यसपटक विषम परिस्थिति परेको र बार्षिक प्रतिवेदनको काम समेत सम्पन्न नभएको कारण विगत बर्षहरुमा झै उत्कृष्ट कर्मचारीलाई सम्मान र पुरस्कृत गर्ने कार्य स्थगित गरिएको छ । यद्यपी कार्यालयमा कार्यरत लगनशील र इमान्दार कर्मचारीलाई उत्प्रेरित र सम्मान गर्ने कार्यलाई निरन्तरता दिने हाम्रो सोच यथावत् रहेको छ । त्यसैले सबै कर्मचारीले प्रचलित कानूनमा उल्लेख भएका आचरण तथा कार्यालयले जारी गरेको आचार संहिताको पालना गर्दै स्वःअनुशासनमा रहि अरुको सम्मान गर्दै आफनो र कार्यालयको सम्मान, ईज्जत र प्रतिष्ठा अभिवृद्धि गर्ने तर्फ अग्रसर भई उच्च मनोबल र हौसलाका साथ कार्यसम्पादनका लागि हार्दिक अनुरोध गर्दछु ।

हामी अहिले कोरोना भाइरस (कोभिड-१९) को महामारीले सिर्जना गरेको असामान्य परिस्थितिबाट गुज्रिरहेका छौं । यस स्थितिमा हामी आवश्यक सावधानी र संयमता अपनाउदै आफ्नो दैनिक दिनचर्यामा फर्कनुको अर्को विकल्प देखिदैन । तसर्थ सावधानी अपनाउँ, सुरक्षित रहौं, समय र परिस्थिति अनुकुल जीवनशैली परिवर्तन गरौं । यस विषम परिस्थितिमा कोभिड-१९ विरुद्धको लडाईमा एकजुट भई जित हासिल गर्न सकौं ।

अन्तमा पुनःमहालेखापरीक्षक कार्यालयको ६२ औं वार्षिकोत्सवको अवसरमा सबैलाई हार्दिक शुभकामना सहित तपाई र तपाईको परिवारको सु-स्वास्थ्य र उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

धन्यवाद ॥



(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

कोरोना भाइरस महामारीको कारण बन्दाबन्दी भएको अवस्थामा कार्यसञ्चालन सम्बन्धमा माननीय महालेखापरीक्षकज्यूको सन्देश

१६ चैत्र, २०७६

हाल विश्वभर Corona Virus Disease -(COVID -19) नामक संक्रामक रोगले अक्रान्त पारेको छ । COVID-19 एक प्रकारको सरुवा रोग हो जुन CORONA VIRUS का कारणले एक व्यक्तिवाट अर्को व्यक्तिमा सर्दछ । विश्व स्वास्थ्य संगठनद्धारा ११ मार्च २०२० मा यस रोगलाई विश्वव्यापी महामारीको रुपमा समेत घोषणा गरिसकेको छ । चीनको राष्ट्रिय स्वास्थ्य आयोगको प्रतिवेदन अनुसार यस प्रकारको कोरोना भाइरस चीनको हुवेई प्रान्तको वुहान शहरमा सवैभन्दा पहिले पहिचानमा आएको थियो । यस महामारी रोगले २०७६ चैत्र १६ गतेसम्म विश्वभरमा करीव ६ लाख ६३ हजार भन्दा बढी मानिस संक्रमित भएका छन् र करीब ३० हजार भन्दा बढी मानिसको मृत्यु भई सकेको छ । यसै गरी करीब १ लाख ३९ हजार उपचार पछि निको भएका छन् ।

विश्व स्वास्थ्य संगठनले नेपाललाई पनि यस रोगको प्रकोपको उच्च जोखिमको सूचीमा राखेको छ । विगत केही दिन देखि नेपालमा पनि यस रोगवाट संक्रमणमा परेका बिरामीहरु फेला पर्न थालेका छन् । केहीको अस्पतालमा उपचार भईरहेको छ भने विदेशबाट आएका मानिसहरु संक्रमणको आशंकामा घरमै वा सरकारले व्यवस्था गरेको क्वारेन्टाइनमा रहेका छन् । विदेशवाट समेत ठूलो संख्यामा नेपालीहरु स्वदेश फर्केका छन् । यस बीचमा लाखौं मानिस काठमाडौं उपत्यका र देशका अन्य शहरहरु छोडी गाँउ तर्फ फर्किएका छन् । नेपालको सन्दर्भमा अहिले विदेशवाट आएका र तिनको सम्पर्कमा रहेका मानिसहरु यस रोगको जोखिमको घेरामा रहेका छन् । त्यस बाहेक नेपालमा अरु मानिसहरुमा त्यस्तो जोखिम नदेखिएको भएता पनि संक्रमण विस्तार नहुने भन्ने सुनिश्चितता छैन । त्यसैले यसको संक्रमण रोक्न र बच्नका लागि उच्च सतकर्ता अपनाउन जरुरी छ ।

जनस्वास्थ्यविज्ञ, चिकित्सक र वैज्ञानिकका अनुसार यस रोगको सर्वाधिक प्रभावकारी उपचार भनेकै सामाजिक पृथकीकरण मानिएको छ । जुन मानिसहरुबीच एक अर्कामा सम्पर्क र सम्बन्ध विच्छेद गर्नु हो । जसले रोग लाग्न नदिने वा लागि हाले पनि एक अर्कामा सर्ने क्रम रोक्न सकिन्छ । यी उपायहरु अनुशासित तरिकाले अवलम्वन गर्न सकिएमा निश्चित रुपमा यस अदृष्य शत्रुलाई पराजित गर्न सकिन्छ तर यसलाई बेवास्ता, बेपर्वाह र लापरबाही गरेमा यसले कसैलाई पनि छोड्नेवाला छैन भन्ने विश्वका अनुभवहरुबाट सिद्ध भएको छ । विश्लेषकहरुका अनुसार यो रोगको सर्न सक्ने क्षमता अत्यन्त बढी रहेको छ ।

विश्व स्वास्थ्य संगठनका महानिर्देशक Dr. Tedros Adhanom Ghebreyesus का अनुसार, वर्तमान असहज परिस्थितिको सामना गर्दै अचानक देखापरेको यो विश्वव्यापी महामारी विरुद्ध लड्नका निम्ति हामी सबै मानसिक एवं शारीरिक रुपले पूर्ण सवल र सक्षम हुनु आवश्यक छ । यसका लागि आ-आफ्नो व्यवहारमा ५ वटा तौर तरिका अवलम्वन गर्न सबै समक्ष अनुरोध गरेका छन् । सर्वप्रथम स्वस्थ्य र पौष्टिक सन्तुलित आहार खाने बानी गर्ने । दोश्रो, मदिराजन्य पदार्थ तथा गुलिया पेय पदार्थ सेवन कम गर्ने । तेश्रो, धुम्रपान नगर्ने । चौथो, शारीरीक व्यायामलाई आफ्नो दैनिक व्यवहारका अपनाउने । विश्व स्वास्थ्य संगठनले वयस्क व्यक्तिले प्रति दिन ३० मिनेट र बालबालिकाहरुले कम्तिमा प्रतिदिन १ घण्टा शारीरीक व्यायाम गर्ने । हामी घरमा बसेर कार्य गरिरहेका छौं भने प्रत्येक ३० मिनेटमा बसाईको अवस्था परिवर्तन गर्न र ३ मिनेटको विश्राम लिने । र पाचौं आफ्नो मानसिक स्वास्थ्यको ख्याल राखौं, र आफ्ना वरपरको व्यक्तिलाई सहयोग गरौं । अत्यधिक समाचारहरु नहेर्ने र नपढ्ने । विश्वसनीय माध्यबाट सुसूचित रहने ।

प्रसिद्ध दर्शनशास्त्री चाणक्यका अनुसार पनि यस प्रकारको महामारी रोक्न र बच्नका लागि खास गरी ३ वटा उपायहरु अपनाउनु पर्दछ भनेका छन् । ती उपायहरुमा (१) सचेत, सजग वा जागरुक रहने र धैर्य धारण गर्ने (२) सार्वजनिक स्थल वा अन्यन्त्र कहि पनि धेरै मानिसको जमघट नगर्ने वा जमघट नियन्त्रण गर्ने र (३) अनावश्यक अफवाहहरुबाट जोगिने ।

कोरोना भाईरसलाई निर्मूल पार्न, फैलन नदिन तथा यसको संक्रमणबाट बच्न र बचाउन उच्च सतर्कताको लागि नेपाल सरकारले मिति २०७६।१२।१० मा संक्रामक रोग ऐन २०२० को दफा २ प्रयोग गरी मिति २०७६ चैत्र ११ गते देखि चैत्र १८ गते सम्म नेपाल राज्यभर बन्दाबन्दी (Lockdown) घोषणा गरेको छ । सो आदेश पश्चात् तपाई हामी आ-आफ्नो घरमा एकान्तबास बसिरहेका छौं । अहिलेको अवस्था नागरिकहरुलाई घरैमा बसिरहनका लागि गरिएको आदेश वा आग्रह हो ।

यो सर्वसाधारणको जनस्वास्थ्य र जनसुरक्षाका लागि गरिएको एक उपचारात्मक आचारसंहिता पनि हो । यो आचारसंहिता राज्यमा महामारीको जोखिम न्यून भएको सुनिश्चितता नभएसम्म जारी रहन सक्तछ । अहिलेको बन्दाबन्दीमा तपाई हामी नागरिकलाई घर बाहिर ननिस्कन, घर भित्रै बसी रहन, साबुन पानीले हात धुन र सफाई साथ बस्न भनिएको छ । आफनो स्वास्थ्यको ख्याल राख्न र स्वास्थ्य सम्बन्धी कुनै समस्या भएमा तत्काल स्वास्थ्य संस्थाहरुमा जानकारी गराउन भनिएको छ ।

यस कोरोना भाइरसलाई परास्त र निर्मूल गर्ने अभियानमा तपाई हामी सबैले नागरिकको रुपमा सहयोग गर्नुपर्दछ । आफू र घर भित्र बसेका सबै मानसिले र समुदायमा यो

आचारसंहिता पालना गर्नुपर्दछ । एक जिम्मेवार नागरिकको हैसियतले यो सामाजिक पृथकीकरणको आचारसंहिता पालनाका गर्न गराउनका लागि यस कार्यालयका समस्त कर्मचारीबाट सहयोग गरी विनाशकारी संक्रमण रोगको प्रभाव नियन्त्रण गर्नमा अतुलनीय उदाहरण प्रस्तुत हुनेछ भन्ने विश्वास लिएको छु ।

अहिले कोरोना भाइरसको चर्चा बाहेक अन्य कुरा गर्नु असामयिक र असान्दर्भिक जस्तो लाग्दछ । तर सधैंभरी कोरोनाको त्रास र भयमा हात बाँधेर निष्क्रय बसियो भने कोरोना फोबियाले थप ग्रस्त बनाउन सक्तछ । विश्वमा अहिले कोरोना भाइरसको संक्रमण पश्चात् धेरै मानिसहरुमा मानसिक तनावको समस्या तीव्र गतिमा वृद्धि भएको छ । उद्योगधन्दा, कलकारखाना र व्यापार व्यवसाय बन्द भएकाले कयौंको रोजगारी गुमिरहेको छ । मानिसहरु कोरोना पश्चात्को परिस्थितिको आङ्कलन गर्दै भविष्य प्रति बढी चिन्तित हुन थालेका छन् । त्यसैले कारोना भाईरसको एकतर्फी चिन्ताबाट मुक्त गर्नका लागि केही समय भएपनि हामीले कोरोनाबाट अन्यत्र ध्यान केन्द्रित गर्न सक्नुपर्दछ ।

हाम्रो लागि कोरोना भाइरसबाट अन्यत्र ध्यान केन्द्रित गर्ने भनेको सुरक्षित विधिवाट आफ्ना दैनिक कामहरु सम्हाल्दै जानुपर्दछ भन्ने मलाई लाग्दछ । अहिले कोरोना भाईरसको विश्वव्यापी सङ्कटले सिर्जना गरेको यस बिषम परिस्थितिमा घरबाटै कार्यसम्पादन गर्ने नयाँ शैलीको प्रचलनको विस्तार भै रहेको छ । कार्यस्थलमा नगई घरमै वा अन्यत्र बसी काम गर्ने तरिकालाई Telecommuting or Telework अथवा work from home भन्ने गरिन्छ । यी शब्दावलीहरुको पहिचान सन् १९७३ मा लेखक तथा नासाका पूर्व ईन्जिनियर Jack Niles ले गरेका हुन् ।

अहिले विश्वमा पाँच जना मध्ये एकजनाले र मध्यपूर्व, ल्याटिन अमेरिका र एसियामा दैनिक कामको करिब दश प्रतिशत काम यो प्रक्रियाबाट गरिने अनुमान छ । अहिले धेरै मुलुकमा शिक्षण संस्थाहरुमा अध्ययन अध्यापन लगायत कार्यालयका कामहरु सूचना प्रविधिको अनलाइन माध्यमबाट गर्न थालिएको छ । घरबाटै सुचना प्रविधिको प्रयोग गरी कार्यालयको कार्य सम्पादन गर्ने प्रकियालाई हाम्रो कार्यालयको कार्यसम्पादनको सन्दर्भमा पनि एक महत्वपूर्ण विकल्पको रुपमा अपनाउन उपयुक्त हुने ठान्दछु ।

हामीलाई जानकारी भएकै छ कि नेपाल सरकारले मिति २०७६।१२।१० मा संक्रामक रोग नियन्त्रण ऐन २०२० को दफा २ बमोजिमको मिति २०७६।१२।११ देखि ऐ.१८ गते सम्मको लागि आदेश जारी गर्दा कर्मचारीको सम्बन्धमा "अति आवश्यक सेवा बाहेक अन्य कार्यालय सञ्चालनको लागि आवश्यक पर्ने कर्मचारीहरु मात्र उपस्थित हुने व्यवस्था गरी अन्य कर्मचारीहरुलाई आवश्यक परेको बखत तत्काल उपस्थित हुने गरि सम्बन्धित कार्यालय प्रमुखले विदा दिने" व्यवस्था भएकोले हाम्रो कार्यालयबाट समेत कार्यालय संचालन तथा कार्य व्यवस्थापनको लागि मिति २०७६।१२।११ मा परिपत्र जारी भईसकेको छ ।

यस कार्यालयको उक्त परिपत्रमा कार्यालयको काम र कार्य संचालन विद्युतीय सूचना प्रविधि मार्फत गरिने उल्लेख गरिएको छ । यद्यपी यो पद्धतिबाट हाम्रो काम विगत देखि नै भईरहेको नै छ । हालको परिस्थितिमा यस पद्धतीलाई अलि बढी बिस्तार गर्न खोजिएको मात्र हो । तसर्थ कार्यालयका सबै सुपरीवेक्षकहरुले अर्न्तगतका कर्मचारीलाई सूचना प्रविधिको प्रयोग गरी सम्पादन गर्न सकिने आवश्यक कामको जिम्मा दिन आग्रह गर्दछु । खास गरी लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन पठाउन बाँकी रहेका संघीय निकायहरु, प्रदेशका कार्यालय, स्थानीय तहहरु र संगठित सँस्थाहरुको प्रतिवेदन सुपरीवेक्षकसँगको समन्वयमा यथासम्भव विद्युतिय माध्यमबाटै जारी गरी वार्षिक प्रतिवेदनको लागि तयारी अवस्थामा पुऱ्याउन ध्यानाकर्षण गराउन चाहन्छु । कार्यालयका कर्मचारी मित्रहरुले समेत आ-आफ्नो सुपरिवेक्षकहरुसँग सम्पर्क र समन्वय गरी सम्पन्न गर्नुपर्ने बाँकी कार्य सूचना प्रविधि वा अन्य संचार माध्यम प्रयोग गरी सम्पादन गर्न आग्रह गर्दछु ।

नेपालको संविधान बमोजिम महालेखापरीक्षकले आफूले बर्षभरी गरेको कामको वार्षिक प्रतिवेदन सम्मानीय राष्ट्रपतिज्यू समक्ष पेश गर्नुपर्ने व्यवस्था बमोजिम महालेखापरीक्षकको रुपमा मैले आफ्नो कार्यकालको दुईवटा प्रतिवेदन पेश गरीसकेको छु । अहिले हामी महालेखापरीक्षकको वार्षिक प्रतिवेदन (५७ औं प्रतिवेदन) अर्थात् मेरो कार्यकालको तेश्रो प्रतिवेदन तयारीको चरणमा रहेका छौं । हामी अहिले वर्षभरी गरिएको अथक मेहनतको नतिजा तयार गर्ने महत्वपूर्ण घडीमा आई पुगिसकेका छौं । विगतका वर्षहरुमा महालेखापरीक्षकको वार्षिक प्रतिवेदन चैत्र मसान्त भित्र सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गर्ने हाम्रो प्रचलन रहेको छ । यस वर्ष पनि हाम्रो कार्य तालिका अनुसार २०७६ चैत्र मसान्तलाई नै लक्षित गरिएको थियो ।

अकस्मात् आएको विश्वव्यापी संकटको प्रभावका कारण कार्यतालीका अनुसार कार्य सम्पन्न गर्नका लागि केही चुनौती देखिएको छ । यस अवस्थामा हामीले अन्तिम चरणमा पुऱ्याउन हालसम्म गरिएको काम बिचैमा चटक्कै छोडियो भने लथालिङ्ग हुन सक्तछ र पूनर्उत्थान गरी अहिलेको अवस्थामा ल्याउनका लागि लामो समय लाग्न सक्तछ । तसर्थ हामी जुन चरणमा पुगेका छौं तत्कालै हाम्रो काम त्यहीबाट निरन्तर अघि बढाउन जरुरी छ । हालको लागि सूचना प्रविधीको प्रयोगद्वारा कार्यसम्पादन गर्ने बाहेक अर्को विकल्प हामीसँग छैन । तसर्थ सूचना प्रविधिको माध्यमलाई प्रयोग गर्दै वार्षिक प्रतिवेदन तयारीको कार्यमा अनवरत रुपमा प्रयासरत रहन सबै कर्मचारीहरुमा हार्दिक आग्रह गर्दछु ।

मलाई जानकारी छ, यस विषम परिस्थितिमा पनि तपाईहरुले अनवरत रुपमा खटेर काम गरि रहनु भएको छ । दैनिक रुपमा इमेल मार्फत् तपाईहरुले सम्पादन गरेका

कामका प्रतिवेदनहरु म समक्ष आई पुगेका छन् । मोफसलमा खटिएका डोरहरु जिल्लाका विकट स्थान र जटिल अवस्थाका बावजुद कार्यस्थलमा खटेर लेखापरीक्षण सम्पन्न गरी टोलीहरु फिर्ता भईसकेका छन् । यस परिस्थितिमा अहोरात्र खटिने सबै सुपरीवेक्षक, लेखापरीक्षण टोलीका प्रमुख र कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । अब तपाईहरुले संकलन गरेर ल्याएको सूचनाको आधारमा प्रतिवेदनलाई अन्तिम रुप दिनुपर्ने भएकोले यसमा तपाईहरुको योगदान अझ बढी महत्वपूर्ण रहने भएकाले सबैको सहयोगका लागि आग्रह गर्दछु ।

म घरैमा बसी सूचना प्रविधिको प्रयोग गरी दैनिक कार्य सम्पादन गरिरहेको छु । तपाईहरुले पनि घरबाटै कार्य सम्पादन गरिरहनु भएको छ भन्ने मलाई विश्वास लागेको छ । जसले यस प्रविधि मार्फत् काम गरिरहनु भएको छैन वा यस प्रविधिमा अभ्यस्त हुनु भएको छैन भने पनि सूचना प्रविधिको माध्यमबाट आफ्नो जिम्माको कार्य सम्पन्न गर्न र शीप विकासका लागि आजैबाट शुरु गर्न समेत आग्रह गर्दछु । **घरैमा बसौं, सुरक्षित रहौं । घरबाटै कार्यालयको काम गरौं ।**

अन्त्यमा यस संकटको विषम परिस्थितिमा तपाई र तपाईको परिवार वा अरु कसैलाई आपतकालीन समस्या आई परेमा एक अर्काको आपसी सहयोग लिन आग्रह गर्दछु । व्यक्तिगतरुपमा टार्न नसकिएको कुनै समस्या भए कार्यालयको व्यवस्थापन ईकाई समक्ष जानकारी गराई समाधान गर्न गराउन समेत अनुरोध गर्दछु । हामी सबै एकजुट भई कोरोना भाइरसको संक्रमणलाई परास्त गर्न सकौं । हामी सबै यस रोगको संक्रमणबाट मुक्त हुन सकौं । हामी चाडै नै सदाझैं एकार्कामा भेटघाट गरी काम गर्न सकौं ।

तपाई र तपाईको परिवारमा सुस्वास्थ्यको लागि हार्दिक शुभकामना ॥
धन्यवाद ॥



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

लेखापरीक्षण बिषयमा चीनबाट अन्तर्राष्ट्रिय स्नातकोत्तरको उपाधि

कार्यालयका लेखापरीक्षण अधिकारी श्री कृष्ण भट्टले मित्र राष्ट्र चीन सरकारको China Scholarship Council मातहत Chinese Government Scholarship Auditing Master Program (CGSAMP) अन्तर्गत Nanjing Audit University बाट दुई वर्षे Masters in Auditing Course पूरा गर्नुभएको छ । उहाँले यस कार्यालयका कर्मचारीमध्येबाट तेस्रो व्याचको रुपमा लेखापरीक्षण सम्बन्धी बिषयमा अन्तर्राष्ट्रिय स्नातकोत्तरको उपाधि प्राप्त गर्नुभएको हो । उहाँ उक्त विश्वविद्यालयबाट आफ्नो व्याचको उत्कृष्ट विद्यार्थीको रुपमा छनौट भई "2020 NAU Excellent Graduate Student उपाधिबाट समेत सम्मानीत हुनुभएको छ ।

उक्त विषय अध्ययनको लागि चीन सरकारले ३५ राष्ट्रबाट सर्वोच्च लेखापरीक्षण संस्थाका ५२ जना कर्मचारीलाई छात्रवृत्ति उपलब्ध गराएको थियो । विश्वविद्यालयका सेक्रेटरी यान वोइलोङ, अध्यक्ष लिउ वाङहोङ, डेपुटी सेक्रेटरी वाङ हुइचिन र उपाध्यक्ष यु आन्फिङ लगायत एकेडेमिक कमिटीका पदाधिकारीको उपस्थितीमा जुन २४, २०२० मा दिक्षान्त समारोह सम्पन्न भएको छ । समारोहलाई सम्बोधन गर्दै अध्यक्ष लिउले यस उपाधिले लेखापरीक्षकको ज्ञान र सीपमा निखारता ल्याउने बताउनुभयो ।

सो क्रममा China National Audit Office की Deputy Auditor General Qin Boyong ले बेइजिङबाट भिडियो सन्देश मार्फत प्रतिकुल समयको बावजुद विश्वविद्यालयमा फर्कन नसकेको विद्यार्थीलाई समेत प्रविधि मार्फत अध्यापन गराई अध्ययन पूरा गराएकोमा धन्यवाद गर्नुभयो । त्यस क्रममा उहाँले यस कार्यक्रमबाट सार्वजनिक लेखापरीक्षणमा दक्षता वृद्धि हुनुको साथै विभिन्न मुलुकको सार्वजनिक लेखापरीक्षणको असल अभ्यास सम्बन्धमा एक अर्काको ज्ञान, सीप र अनुभवको आदान प्रदान गर्ने साझा थलोको रुपमा रहने विश्वास समेत व्यक्त गर्नुभयो ।



दीक्षान्त समारोहमा सहभागी पदाधिकारीहरु

कोरोना भाइरसको महामारीको अवधिमा माननीय महालेखापरीक्षकज्यूको समुपस्थितिमा २०७६ चैत्र देखि २०७७ जेठसम्म सम्पन्न भर्चुअल बैठकहरूको विवरण

क्र.स.	मिति	समय	विषय
१	२०७६।१२।३०	११:३०-१:३०	Web meeting discussion on draft of FRS
२	२०७७।०१।१८	११:३०	महालेखापरीक्षकको ५७औँ वार्षिक प्रतिवेदन तयारी सम्बन्धी
३		२:३०	प्रदेश न. १ र २ लेखापरीक्षण निर्देशनालयको कार्य प्रगति
४	२०७७।०१।१९	११:३०	कार्यमूलक तथा विशेष लेखापरीक्षण निर्देशनालयको कार्य प्रगति
५	२०७७।०१।२०	११:३०	राजश्व, अर्थ निर्देशनालयको कार्यप्रगति
६		२:३०	वाचन तथा सम्पादन समितिसँग छलफल
७	२०७७।०१।२१	११:३०-२:३० २:३०-४:००	प्रदेश न. १ को प्रतिवेदन वाचन
८		४: ३०	परिच्छेद ५ प्रदेश प्रतिवेदन तयारी समिति
९	२०७७।०१।२२	११:३०-२:३० २:३०-४:००	प्रदेश न. ३ को प्रतिवेदन वाचन
१०	२०७७।०१।२२	४:३०	परिच्छेद ६ स्थानीय तह प्रतिवेदन तयारी समिति
११	२०७७।०१।२३	११:३०-२:३० २:३०-४:००	प्रदेश न. ५ को प्रतिवेदन वाचन
१२	२०७७।०१।२४	११:३०-२:३० २:३०-४:००	प्रदेश न.२ को प्रतिवेदन वाचन
१३	२०७७।०१।२५	११:३०-२:००	प्रदेश न.६ को प्रतिवेदन वाचन
१४		३:००	प्रतिवेदन तयारी सम्बन्धमा बाँकी काम सम्बन्धमा बैठक
१५	२०७७।०१।२६	११:००-२:००	प्रदेश न.७ को प्रतिवेदन वाचन
१६	२०७७।०१।२७	३:००	प्रादेशिक लेखापरीक्षण प्रदेश न. ३ तथा गण्डकी प्रदेश अन्तर्गतका महानगरपालिका र उपमहानगरपालिकाको वित्तीय कारोबार र सेवा प्रवाहको प्रकृति र प्रवृत्तिबारेको प्रस्तुतीकरण
१७	२०७७।०१।२८	११:००	प्रदेश नं. १ र २ का को वित्तीय कारोबार र सेवा प्रवाहको प्रकृति र प्रवृतिबारे प्रस्तुतिकरण ।
१८		३:००	प्रदेश नं. १ र २ का नगरपालिका तथा गाँउपालिकाको वित्तीय कारोबार तथा सेवा प्रवाहको प्रकृति र प्रवृतिवारे प्रस्तुतीकरण ।
१९	२०७७।१।२९	११:००	प्रदेश नं. ५, कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेशका उपमहानगरपालिकाको वित्तीय कारोवार तथा सेवा प्रवाहको प्रकृति र प्रवृतिवारे प्रस्तुतिकरण
२०		३:००	प्रदेश ५, कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेशका नगरपालिका तथा गाँउपालिकाको वित्तीय कारोवार तथा सेवा प्रवाहको प्रकृति र प्रवृतिबारे प्रस्तुतिकरण ।
२१	२०७७।१।३०	११:००-२:०० ३:००-५:००	संगठित, सार्वजनिक तथा स्वायत्त संस्थाको प्रतिवेदन वाचन (कार्यालयको जनशक्तिवाट लेप भएका, बाह्य लेखापरीक्षक नियुक्त गरी लेखापरीक्षण गरिएका र परामर्श दिईएका संगठित संस्थाहरु)
२२	२०७७।१।३१	११ बजे र ३ बजे	मध्यमस्तरीय करदाता कार्यालयको लेखापरीक्षणबारे छलफल
२३	२०७७।२।०१	११:००–११:३०	Courtesy Meeting with the representatives of IPFMRP Virtual Implementation Support Consultation (14th May)

२४	२०७७।०२।१९	११:००–१ :३०	Financial Audit and functionality of NAMS
२५	२०७७।०२।२०	११:००–१ :३०	कार्यालयको नियमित पदाधिकारी बैठक
२६	२०७७।०२।२१	११:००	स्थानीय तहको लेखापरीक्षण प्रतिवेदन ढाँचा सम्बन्धमा ।
२७	२०७७।०२।२१	१:००	प्रतिवेदन वाचन तथा सम्पादन समितिसँग छलफल
२८	२०७७।०२।२१	३:००	प्रशासन तथा व्यवस्थापन सम्बन्धी विषयमा छलफल
२९	२०७७।०२।२२	विभिन्न समय	(१) महालेखापरीक्षकको ५७ औं वार्षिक प्रतिबेदन तयारी सम्बन्धमा गठित परिच्छेद ६–स्थानीय तहको प्रतिवेदन समितिको कार्यप्रगति (२) ५७ औं बार्षिक प्रतिबेदन तयारी सम्बन्धमा गठित परिच्छेद ५–प्रदेश सरकार प्रतिबेदन समितिको कार्यप्रगति र (३) पूर्वाधार विकास लेखापरीक्षण विभागका उप-महालेखापरीक्षकज्यू, लगायत सम्वन्धित महानिर्देशनालय र निर्देशनालयका नायब महालेखापरीक्षकज्यू र निर्देशकज्यूहरुसँग, ४) अर्थ तथा आर्थिक क्षेत्र लेखापरीक्षण बिभागका उप-महालेखापरीक्षकज्यू, लगायत सम्बन्धित महानिर्देशनालय र निर्देशनालयका नायब महालेखापरीक्षकज्यूहरुँसग ५) सामाजिक सेवा लेखापरीक्षण विभागका उप-महालेखापरीक्षकज्यू, लगायत सम्बन्धित महानिर्देशनालय र निर्देशनालयका नायब महालेखापरीक्षकज्यूहरुसँग ६)सबै उप महालेखापरीक्षकज्यूहरु एवं माननीय महालेखापरीक्षकज्यूको सचिवालय समन्वय तथा व्यबस्थापन समितिका कर्मचारीहरुको उपस्थितिमा बैठक
३०	२०७७।०२।२३	विभिन्न समय	(१) महालेखापरीक्षकको ५७ औं वार्षिक प्रतिबेदन तयारी सम्वन्धी परिच्छेद ७–प्रतिवेदन कार्यान्वयन समितिको कार्यप्रगति । (२) ५७ औं वार्षिक प्रतिबेदनको परिच्छेद ८–भविष्यमा गर्नुपर्ने सुधार समितिको कार्यप्रगति । (३) प्रदेश न. १ र २ लेखापरीक्षण महानिर्देशनालयको कार्य प्रगति ।(४) बागमती प्रदेश र गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालयका कर्मचारीहरुसँग छलफल ।
३१	२०७७।०२।२४	विभिन्न समय	(१) ५७ औं वार्षिक प्रतिवेदन तयारी सम्बन्धमा गठित अनुसूची तयारी समितिको कार्यप्रगति (२) महालेखापरीक्षकको कार्यालयको आधिकारिक ट्रेड युनियनका अध्यक्ष एवं सम्पूर्ण पदाधिकारीहरु र माननीय महालेखापरीक्षकज्यूको सचिवालय समन्वय तथा व्यबस्थापन समितिका कर्मचारीहरुको उपस्थितिमा बैठक ।
३२	२०७७।०२।२५	विभिन्न समय	नेपाल चाटर्ड एकाउन्टेन्ट्स संस्था, नेपाल लेखामान बोर्ड एवं नेपाल अडिटर्स एशोसिएशनका पदाधिकारीहरु तथा लेखा र वित्तीय क्षेत्रका विज्ञहरु र माननीय महालेखापरीक्षकज्यूको सचिवालय तथा व्यवस्थापनका कर्मचारीहरुको उपस्थितिमा बैठक ।
३३	२०७७।०२।२७	विभिन्न समय	नेपाल चाटर्ड एकाउन्टेन्ट्स संस्थाका वर्तमान तथा भुतपूर्व अध्यक्षहरुसँग, ५७ औं वार्षिक प्रतिबेदन तयारी सम्बन्धमा छलफल ।

२०७६ माघदेखि २०७७ असारसम्म राष्ट्रिय तालिम तथा कार्यक्रममा सहभागिता

क्र.सं	पद	सहभागी कर्मचारी	कार्यक्रम	आयोजक	अवधि
१	लेखापरीक्षण अधिकारी	श्री विश्वम्भर श्रेष्ठ	Professional Course on Management and Development	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	२०७६/१०/१३ देखि २०७६/११/२३ सम्म
२	लेखापरीक्षण अधिकारी	श्री रामबाबु पन्त	Professional Course on Management and Development	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	२०७६/१०/१३ देखि २०७६/११/२३ सम्म
३	लेखापरीक्षण अधिकारी	श्री कल्पना घिमिरे	स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) सम्बन्धी	महालेखा नियन्त्रक कार्यालय	२०७६/१०/१७ देखि २०७६/१०/१९ सम्म

४	लेखापरीक्षण अधिकारी	श्री रमेश पुरी	सेवाकालीन तालिम	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०७६/१०/२६ देखि २०७६/१२/०५ सम्म
५	लेखापरीक्षण अधिकारी	श्री विष्णुराज रिजाल	सेवाकालीन तालिम	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०७६/१०/२६ देखि २०७६/१२/०५ सम्म
६	लेखापरीक्षण अधिकारी	श्री चन्द्रप्रकाश रेग्मी	सेवाकालीन तालिम	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०७६/१०/२६ देखि २०७६/१२/०५ सम्म
७	लेखापरीक्षण अधिकारी	श्री तोयानारायण पौडेल	सेवाकालीन तालिम	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०७६/१०/२६ देखि २०७६/१२/०५ सम्म
८	लेखापरीक्षण अधिकारी	श्री रामकेशर खत्री	सेवाकालीन तालिम	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०७६/१०/२६ देखि २०७६/१२/०५ सम्म
९	लेखापरीक्षण अधिकारी	श्री छत्रनाथ शर्मा गैरे	सेवाकालीन तालिम	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०७६/१०/२६ देखि २०७६/१२/०५ सम्म
१०	लेखापरीक्षण अधिकारी	श्री शैलेन्द्र कुमार भुसाल	सेवाकालीन तालिम	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०७६/१०/२६ देखि २०७६/१२/०५ सम्म
११	लेखापरीक्षण अधिक्षक	श्री विष्णु सापकोटा	सेवाकालीन तालिम	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०७६/१०/२७ देखि २०७६/१२/०६ सम्म
१२	निर्देशक	श्री लोकनाथ घिमिरे	IMF Seminar on Strengthening Fiscal Federalism in Nepal	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०७६/११/१४ देखि २०७६/११/१६ सम्म
१३	नायब महालेखापरीक्षक	श्री नारायण एम.सी.	IMF Seminar on Strengthening Fiscal Federalism in Nepal	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०७६/११/१४ देखि २०७६/११/१६ सम्म
१४	नायब महालेखापरीक्षक	श्री इन्द्र प्रसाद आचार्य	प्रदेश तथा स्थानीय तहहरुको प्रशासनिक खर्चका विविध पक्षहरु	राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग	२०७६/११/१४
१५	नायब महालेखापरीक्षक	श्री दामोदर पुडासैनी	Discussion on 'Citizen-State Engagement in Federal Governance	Centre for International Studies and Cooperation	२०७६/११/०८

२०७६ माघदेखि २०७७ असार महिनासम्म अवकास भएका कर्मचारी

क्र.सं.	पद	कर्मचारीको नाम	सुरु नियुक्ति मिति	अवकास मिति	कैफियत
१	नायब महालेखापरीक्षक	श्री दामोदर पुडासैनी	२०३८/०३/०७	२०७७/०२/१८	अनिवार्य अवकाश
२	नायब महालेखापरीक्षक	श्री विष्णुप्रसाद रिजाल	२०४५/३/३०	२०७७/०३/१८	अनिवार्य अवकाश
३	निर्देशक	श्री डिल्लीप्रसाद पहाडी	२०४६/११/१५	२०७६/१०/१६	अनिवार्य अवकाश
४	निर्देशक	श्री मदनकृष्ण श्रेष्ठ	२०३८/९/२२	२०७६/११/१५	अनिवार्य अवकाश
५	निर्देशक	श्री टंकप्रसाद पाण्डे	२०३९/५/८	२०७६/१२/०६	अनिवार्य अवकाश
६	निर्देशक	श्री रमेशप्रसाद न्यौपाने	२०४३/०८/१७	२०७६/११/२७	राजिनामा
७	निर्देशक	श्री नारायणप्रसाद कोइराला	२०३९/२/२९	२०७७/०१/२०	अनिवार्य अवकाश
८	निर्देशक	श्री दिव्यदर्शन अधिकारी	२०४३/०८/०९	२०७७/०३/१६	राजिनामा
९	निर्देशक	श्री प्रद्युम्न न्यौपाने	२०४५/०५/१५	२०७७/०३/१६	राजिनामा
१०	शाखा अधिकृत	श्री डम्वर बहादुर श्रेष्ठ	२०४६/०२/१६	२०७६/१०/०२	राजिनामा
११	टा.ना.सु.	श्री राज्य रञ्जित	२०४५/९/१८	२०७७/०२/११	राजिनामा
१२	टा.ना.सु.	श्री सूर्य किरण उलक	२०४७/०२/०८	२०७७/०३/०१	राजिनामा
१३	कार्यालय सहयोगी	श्री मोतीलाल महर्जन	२०४०/९/१०	२०७७/०१/१९	अनिवार्य अवकाश
१४	कार्यालय सहयोगी	श्री राम कुमार खत्री	२०४६/१२/०१	२०७६/१२/१६	राजिनामा

२०७६ माघदेखि २०७७ असार महिनासम्म बढुवा भएका कर्मचारी

क्र.सं.	साविकको पद	हालको पद	कर्मचारीको नाम	बढुवा मिति
१	निर्देशक	नायब-महालेखपरीक्षक	श्री घनश्याम पराजुली	२०७६/१०/०८
२	निर्देशक	नायब-महालेखपरीक्षक	श्री नेत्र कुमार खत्री	२०७६/१०/०८
३	निर्देशक	नायब-महालेखपरीक्षक	श्री नारायण एम.सी.	२०७६/११/०६
४	निर्देशक	नायब-महालेखपरीक्षक	श्री इन्द्रप्रसाद आचार्य	२०७६/११/०६
५	निर्देशक	नायब-महालेखपरीक्षक	श्री चन्द्रकान्त भण्डारी	२०७७/०३/१६
६	लेखापरीक्षण अधिकारी	निर्देशक	श्री प्रकाशकुमार खत्री	२०७६/११/०६
७	लेखापरीक्षण अधिकारी	निर्देशक	श्री सुन्दरनारायण चौधरी	२०७६/११/०६
८	लेखापरीक्षण अधिकारी	निर्देशक	श्री तीर्थराज तण्डुकार	२०७६/११/०६
९	लेखापरीक्षण अधिकारी	निर्देशक	श्री नारायणप्रसाद कोइराला	२०७६/११/०६
१०	लेखापरीक्षण अधिकारी	निर्देशक	श्री नन्दीराम भट्टराई	२०७६/११/१२
११	लेखापरीक्षण अधिकारी	निर्देशक	श्री भवानीप्रसाद मरासिनी	२०७६/११/१२
१२	लेखापरीक्षण अधिकारी	निर्देशक	श्री किशोर पाण्डे	२०७६/११/१२
१३	लेखापरीक्षण अधीक्षक	लेखापरीक्षण अधिकारी	श्री फुलमाया लामा	२०७७/०१/१४
१४	लेखापरीक्षण अधीक्षक	लेखापरीक्षण अधिकारी	श्री नारायण अर्याल	२०७७/०१/१४
१५	लेखापरीक्षण अधीक्षक	लेखापरीक्षण अधिकारी	श्री वसन्त कोइराला	२०७७/०१/१४
१६	लेखापरीक्षण अधीक्षक	लेखापरीक्षण अधिकारी	श्री कृष्णराज रावल	२०७७/०१/१४
१७	लेखापरीक्षण अधीक्षक	लेखापरीक्षण अधिकारी	श्री जितेन्द्र राई	२०७७/०१/१४
१८	लेखापरीक्षण अधीक्षक	लेखापरीक्षण अधिकारी	श्री शंकर ढकाल	२०७७/०१/१४
१९	लेखापरीक्षण अधीक्षक	लेखापरीक्षण अधिकारी	श्री दुर्गानारायण श्रेष्ठ	२०७७/०१/१४
२०	लेखापरीक्षण अधीक्षक	लेखापरीक्षण अधिकारी	श्री दिनेश चौधरी	२०७७/०१/१४
२१	लेखापरीक्षण अधीक्षक	लेखापरीक्षण अधिकारी	श्री गंगाकुमारी आचार्य	२०७७/०१/१४
२२	लेखापरीक्षण अधीक्षक	लेखापरीक्षण अधिकारी	श्री भुवनेश्वर पंगेनी	२०७७/०१/१४
२३	लेखापरीक्षण अधीक्षक	लेखापरीक्षण अधिकारी	श्री शत्रुधनप्रसाद यादव	२०७७/०१/१४
२४	लेखापरीक्षण अधीक्षक	लेखापरीक्षण अधिकारी	श्री कुन्ताकुमारी दाहाल	२०७७/०१/१४
२५	लेखापरीक्षण अधीक्षक	लेखापरीक्षण अधिकारी	श्री सुनिल कुमार यादव	२०७७/०१/१४

२०७६ माघदेखि २०७७ असारसम्म अन्तर्राष्ट्रिय तालिम तथा कार्यक्रममा सहभागिता

क्र.सं	पद	सहभागी कर्मचारी	कार्यक्रम	राष्ट्र	अवधि
१	निर्देशक	श्री जगन्नाथ न्यौपाने	सार्कसम्बद्ध विभिन्न क्षेत्रीय केन्द्रहरुको लेखापरीक्षण	बगलादेश, ढाका	२०७६/११/०७ देखि २०७६/११/१३सम्म
२	निर्देशक	श्री पदम प्रसाद आचार्य	सार्कसम्बद्ध विभिन्न क्षेत्रीय केन्द्रहरुको लेखापरीक्षण	श्रीलंका, पाकिस्तान	२०७६/११/०७ देखि २०७६/११/१३सम्म

महालेखापरीक्षकको दृष्टिमा सार्वजनिक जवाफदेहिता

बजेट अनुशासन

- कानुनले तोकेभन्दा बढी रकमान्तर गरेको,
- वैदेशिक सहायता करिब एक चौथाई अंश बजेटमा समावेश नगरेकाे, लेखापरीक्षण नगराएको, वैदेशिक सहायताको न्यून उपयोग भएको,
- सोधभर्ना लिनु पर्ने रकम बढि रहेको,
- वर्षान्तमा खर्च गर्ने प्रवृत्तिमा सुधार नभएको,
- चालु खर्चको बृद्धि नियन्त्रण गर्न नसकेको एवं पुँजीगत खर्च अपेक्षित रुपमा बृद्धि नभएको, आर्थिक सहायता वितरणको वस्तुनिष्ठ आधार नभएको,
- गैरसरकारी संस्थामार्फत वैदेशिक सहायता परिचालन गरेको र जवाफदेहिता र पारदर्शिताको अभाव देखिएको,
- राष्ट्रिय अनुदान नीति नभएको एवं अनुदान उपयोगको अनुगमन कमजोररहेको ।

ठेक्का व्यवस्थापन

- समयमा काम सम्पन्न नहुने, मनासिब आधारबेगर म्याद थप गर्ने,
- पूर्वनिर्धारित क्षतिपूर्ति असुल नगर्ने,
- क्षमताभन्दा बढी काम दिई अधुरो राखेको,
- भेरिएशनको औचित्य पुष्टयाई नहुने, नपाउने मूल्यवृद्धि भुक्तानी दिएको,
- कमजोर सुपरीवेक्षण, निर्माण र खरिद कार्यको गुणस्तरमा पर्याप्त ध्यान नदिने ।

सेवा प्रवाह व्यवस्थापन

- दरबन्दी अनुसार पदपूर्ति नभएको, टोकन प्रणालीको अभाव, मध्यस्थमार्फत सेवा लिनु परेकोले सेवा प्रवाहमा असर परेको,
- विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्न नसकेको,
- उपकरण र जनशक्तिको कमीले स्वास्थ्य सेवा प्रवाहमा असर परेको,
- लाभान्वित वर्गको पहिचान प्रणाली प्रभावकारी नभएको,
- सेवाको नियमन, अनुगमन सन्तोषजनक नभएको,
- सामाजिक सुरक्षा कार्यक्रमलाई एकीकृत र प्रभावकारी बनाउन नसकेको,
- वायु लगायतको वातावरण प्रदूषणबाट जनस्वास्थ्यमा असर परेको,
- सार्वजनिक सुनुवाई, गुनासो व्यवस्थापन र अनुगमन प्रभावकारी नभएको ।

सावंजनिक खरिद व्यवस्थापन

- डिजाइन/लागत अनुमान यथार्थपरक नरहेको,
- लागत अनुमान टुक्राई सोझै खरिद गरेको,
- ठेक्का व्यवस्थापनभन्दा पहिले बातावरणीय अध्ययन, जग्गा प्राप्ती एवं साईट क्लेरेन्स लगायतका पूर्व तयारीका कार्य नगरेको,
- निर्माण क्षमता बिश्लेषण नभएको
- व्यवसायिकता र स्वस्थ्य प्रतिस्पर्धाको कमी, पूर्णरुपमा बिद्युतिय खरिदप्रणालीको प्रयोग नभएको,
- ठेक्का बन्दोबस्तमा ढिलाई भएको,
- उपभोक्ता समितिबाट जटिल तथा प्राविधिक काम गराएको,
- खरिदका नबीनतम बिधिको प्रयोग नगरेको ।

राजस्व प्रशासन

- कराधार संरक्षण एवं दायरा विस्तारमा पर्याप्त ध्यान नपुगेको,
- कर परिपालना कमजोर रहेको, करदाताले यथार्थ कारोवार नदेखाएको,
- उद्योगहरुको उत्पादनको जर्ति सम्बन्धी भरपर्दो मापदण्ड निर्धारण नभएको,
- विवरण पेस नगर्ने करदाता र मूल्यअभिवृद्धि कर क्रेडिट रकम उच्च रहेको,
- फरक भन्सार दरबन्दी प्रयोगले महसुल कम उठने गरेको,
- भन्सार तथा बजारमा न्यून बीजकीकरणको समस्या यथावत रहेको,
- राजस्व बक्यौतामा निरन्तर बृद्धि एवं बक्यौता हिसाब अभिलेख व्यवस्थित नभएको,
- कर प्रशासनको अनुगमन र कर परीक्षणको गुणस्तर कमजोर रहेको,
- बिद्युतिय कारोबारलाई करको दायरामा नल्याएको,
- सुचना प्रबिधि प्रणालीबाट वित्तिय बिबरणहरु तयार हुने नगरेको ।
- अन्तर निकाय सुचना आदनप्रदान कमजोर रहेको ।

आन्तरिक नियन्त्रण, जिम्मेवारी र जवाफदेहिता

- आन्तरिक नियन्त्रण प्रणाली र आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको,
- लेखापरीक्षण र बेरुजू फछ्यौंट नगराउँदा कारबाही नहुँदा जिम्मेवारी र जवाफदेहिता कमजोर हुन पुगेको,
- कार्यसम्पादन सम्झौताको कार्यान्वयन प्रभावकारी नभएको,
- तीन तहका सरकार बीच वित्तीय हस्तान्तरणबाट आम्दानी र खर्चमा हुनसक्ने दोहोरोपन हटाउने व्यवस्थाको अभाव रहेको,
- नेपाल वित्तीय प्रतिवेदन मान पुर्णरुपमा कार्यान्वयन नभएको,
- कम्प्युटरमा आधारित लेखाप्रणाली लागू भइनसकेको,
- उद्देश्यअनुरुप कोष सञ्चालन नभई ठूलो रकम मौज्दात रहेको,
- अनुगमन र नियमन गर्ने संस्थाहरु धेरै र समन्वयको अभावरहेको,
- समयमै लेखापरीक्षण नगराउनाले वित्तीय जवाफवदेहिता कमजोर रहेको ।

प्रदेश सरकार व्यवस्थापन

- दिगो विकास लक्ष्य र आवधिक योजना मध्यकालिन खर्च संरचना अनुरुप कार्यक्रम तर्जुमा नगरेको,
- प्रदेशकानुनको संघीय कानुनसंग सामाञ्जस्यता नभएको,
- कार्यक्रममा दोहोरोपना रहेको,
- योजना तर्जुमा र कार्यान्वयनमा समन्वय नभएको,
- अनुदानलाई बढावा दिएको तर अनुगमन कमजोर रहेको,
- राजस्व परिचालनमा प्राथमिकता नदिएको,
- चैमासिकरुपमा स्थानियतहको समेत आय-व्ययको प्रतिवेदन संघमा नपठाएको,
- प्रदेश तथा स्थानीय तहका पदाधिकारीको सुविधामा एकरुपता नभएको ।

स्थानीय तह व्यवस्थापन

- बजेट संघीय अनुदानमा निर्भर रहेको, अनुत्पादक तथा वितरणमुखी कार्यक्रम, कार्यक्रमको दिगोपनामा समस्या रहेको,
- संचितकोषको हिसाब तयार नगरेको,
- बजेट अनुशासन पालना नगरेको, अबण्डा बजेट राखी खर्च गरेको,
- जनशक्ति, क्षमता तथा कानुन/निर्देशिकाको अभाव रहेको,
- दिगो विकास लक्ष्यको आन्तरिकीकरण नभएको, योजना तर्जुमा र कार्यान्वयन कमजोर रहेको,
- स्थानीयले प्रदेशमा चौमासिक आय-व्ययको प्रतिवेदन पेस नगरेको,
- लेखापरीक्षण बेरुजू फछ्यौंटमा स्वार्थ बाझिने व्यवहार रहेको,

आयोजना व्यवस्थापन

- पूर्व तयारी बेगरका आयोजनाहरु बजेटमा समावेश गरेको,
- समष्टिगत/क्षेत्रगत लक्ष्य अनुसार आयोजनाको प्राथमिकीकरण नगरेको,
- राष्ट्रिय गौरवका आयोजानहरु एवं अन्य आयोजनाहरुको कार्यान्वयनमा जटिलता रहेको, सम्पन्न आयोजनाको समयमा मर्मत सम्भार नहुने गरेको,
- कार्यान्वयन पक्ष कमजोर भएको अधिकांश आयोजनाहरु समयमै सपन्न नभई अधुरो रहने एवं समय र लागतमा बृद्धि हुने गरेको,
- आयोजना सञ्चालनमा अन्तर निकाय समन्वयको अभाव रहेको,
- परामर्शदाताप्रतिको अधिक निर्भरताले आयोजनाको दिगो सञ्चालनमा असर परेको ।

संस्थान सञ्चालन

- सञ्चालक र कर्मचारीमा व्यावसायिकताको कमीले लगानीमा न्युन प्रतिफल,
- सम्पती, सेयर तथा ऋण लगानीको हिसाब अद्यावधिक र यथार्थपरक नरहेको,
- समय र लागतको विश्लेषण गरी वस्तु तथा सेवाको मूल्य निर्धारण नगरेको,
- सम्पत्ति व्यवस्थापनमा समस्या रहेको, अनुत्पादक खर्च नियन्त्रण नभएको,
- निजीकत संस्थाहरु सम्झौताअनरुप सञ्चालन हन नसकेको ।

भावपूर्ण श्रद्धाञ्जली
एवं
हार्दिक समवेदना



जन्म:
वि.सं.
१९९९ चैत्र ५

स्वर्गारोहण:
वि.सं.
वि.सं.२०७६ चैत्र १६

स्व. पदमनाथ पौडेल

यस कार्यालयका निर्देशक श्री कृष्ण प्रसाद पौडेलका पुजनीय पिता पदमनाथ पौडेलको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारप्रति हार्दिक एवं भावपूर्ण समवेदना प्रकट गर्दछौं । यस दुःखद घडीमा सबैमा धैर्यधारण गर्ने सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसँग प्रार्थना गर्दछौ ।

महालेखापरीक्षक टंकमणि शर्मा, दंगाल
तथा
महालेखापरीक्षकको कार्यालय परिवार

भावपूर्ण श्रद्धाञ्जली
एवं
हार्दिक समवेदना



जन्म:
वि.सं.
१९९६ आश्विन ३०

स्वर्गारोहण:
वि.सं.
वि.सं.२०७६ माघ २

स्व. नानी मैंया शाक्य

यस कार्यालयका निर्देशक श्री ललित बहादुर शाक्यकी ममतामयी आमा नानी मैंया शाक्यको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारप्रति हार्दिक एवं भावपूर्ण समवेदना प्रकट गर्दछौं । यस दुःखद घडीमा सबैमा धैर्यधारण गर्ने सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसँग प्रार्थना गर्दछौ ।

महालेखापरीक्षक टंकमणि शर्मा, दंगाल
तथा
महालेखापरीक्षकको कार्यालय परिवार

डेबिट क्रेडिट



◀ रमेश ढकाल, निर्देशक

गम्भीर विषय हाम्रो, मित्र वस्तु क्रेडिटको ।
ज्ञान विज्ञान अर्थमा, सारा वस्तु डेविटको ॥
जन्म लीला डेविटको, अन्त लीला क्रेडिटको ।
जुग चल्छ सधैँ सत्य, कथा लेखा Balance को ॥

स्वामित्व आफैँमा आउँछ, डेविट खर्च वस्तुको ।
बनाउँछ बाह्य वितरण, क्रेडिट सारा चिजको ॥
Assets र Expenses मिलन, Debit वंश भिड्दछ ।
दायित्व र आयको मिलन, क्रेडिटको वंश भिड्दछ ॥

दृष्टिकोण बदलिएमा, ज्ञानले रुप फेर्दछ ।
सफलता हेरेर मात्र ज्योतिले ज्ञान छर्दछ ॥
सतर्क रहनु पर्छ, आउने जाने जोखिमको ।
बानी शुद्ध हुनुपर्छ, धन सम्झी Debit को ॥

भिजेको मन कहाँ सुक्छ, शालीनता नपाएसम्म ।
देखेको दुख: कहाँ लुक्छ, प्रेरणा नपाएसम्म ॥
ज्ञान त्यसै बढ्दैन, अनन्त नपुगेसम्म ।
रुप जसै फेरिदैँन, दृष्टिकोण नकुदेसम्म ॥

स्वाभिमान नहराउनु, सपना कुल्चिए पनि ।
जोगाउनु अस्मिता सधैँ, पैताला चिरिए पनि ॥
सारको चक्र चल्दछ, नियम मिचिए पनि ।
डेविट क्रेडिट गोडौँ सबले, मनको धन खिचिए पनि ॥

ह्रासको गणना मूल्य, Debit ले गर्छ मापन ।
सम्पत्ति Credit मा बस्छ, सार्थक मूल्य मुद्रामा ॥
प्राप्ति र भुक्तानी खेल, नाप्ने सूत्र बराबर ।
Debit एउटा Credit अर्को, राख्छ हिसाब चराचर ॥

बदल्छ खर्चले आकार, Assets धन बोल्दछ ।
आयले दायित्व बढ्दछ, क्रेडिटले मन खोल्दछ ॥
सकिँदैन व्याख्या कहिल्यै, न अन्त र अवसान छ ।
बुझिँदैन ज्ञान कहिल्यै, अनन्त र अपार छ ॥